सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ वैशाख २०८३, शनिबार (25 Apr 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन्झनयाँ

निर्देशक तुलसी घिमिरेलाई छोरी पञ्चमीको प्रश्न-

म जन्मिँदा १० दिनसम्म घर किन आउनुभएन ?


अघि बढ्दै महिला उद्यमी



काठमाडौं उपत्यकाका यी पाँच महिला उद्यमी समाजको उदाहरण मात्रै हुन् । राष्ट्रिय तथ्यांक कार्यालयको आर्थिक गणनाअनुसार देशभर दुई लाख ४७ हजार ८८० महिला उद्यमीले आफ्नै स्वामित्वमा व्यवसाय चलाइरहेका छन् । पाँच लाखले रोजगारी पाइरहेका छन् । यो कुल उद्यमीको २९.८ प्रतिशत हो ।

● शान्ति तामाङ

के महिलालाई संरक्षण चाहिएको हो ?



महिला र पुरुष एक-अर्कालाई सम्मान गर्दै संवाद गर्ने वातावरणको अन्त्य नहोस्

● पवित्रा खड्का

पानी अभावले काकाकुल बन्दै तेहरानदेखि नयाँदिल्लीका सहर

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ निजामती सेवा विधेयकको मस्यौदा तयार

कर्मचारीले दलीय सदस्यता लिए बर्खास्त, मुख्यसचिव र सचिवको पदावधि दुई वर्ष

ट्रेड युनियन खारेज, सचिव र सहसचिवलाई दुईवर्षीय कुलिङ पिरियडको व्यवस्था, सेवाअवधि ६० वर्ष पुऱ्याइयो

● संघीय मामिलामन्त्री प्रतिभा रावल भन्छिन्-

कर्मचारीका गुनासा सुनुवाइ गर्न बलियो संयन्त्र बनाइनेछ



प्रस्तावित निजामती सेवा विधेयकले नेपालको समग्र प्रशासनिक प्रणालीलाई परम्परागत अवस्थाबाट आधुनिक, नागरिक सेवामा केन्द्रित, जवाफदेही र प्रविधिमैत्री संयन्त्रका रूपमा विकास गर्ने उद्देश्य लिएको छ र सोही आधारमा यसको विन्यास गर्न प्रयास गरिएको छ। यो सामान्य परिवर्तन मात्र नभएर आयामिक परिवर्तन निर्देशित गर्ने महत्त्वपूर्ण दस्ताबेज हुनेछ भन्ने आशा लिएकी छु। निजामती सेवामा ट्रेड युनियन नरहने, तर गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्र बनाइने व्यवस्था गरेका छौं ।

मस्यौदामा सात दिनभित्र सुझाव दिन सरोकारवालालाई आग्रह, साउनअघि नै ऐन जारी गरिने

सुवास भट्ट/नयाँ पत्रिका

कर्मचारीको दलीय आबद्धतामा कडाइदेखि मुख्यसचिव र सचिवको पदावधि घटाउनेसम्मका महत्त्वपूर्ण प्रस्ताव समेट्दै सरकारले संघीय निजामती सेवा विधेयकको मस्यौदा तयार गरेको छ। मस्यौदामा हालको निजामती सेवा ऐनभन्दा चार दर्जन नयाँ व्यवस्था प्रस्ताव गरिएको छ।

» पृष्ठ २ मा क्रमशः

■ निजामती विधेयकमा यस्ता छन् ४९ नयाँ व्यवस्था



१ राजनीतिक दल, दलको भ्रातृ संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिने ।

२ निजामती सेवामा ट्रेड युनियन नरहने, तर सेवा सर्तसम्बन्धी विषय वा पीरमर्का, गुनासो सुनुवाइका लागि प्रभावकारी व्यवस्था गरिएको ।

३ संघीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कूटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति नपाउने ।

४ अधिकृत चौथौं तह (मुख्यसचिव)का निजामती कर्मचारीको पदावधि दुई वर्ष र अधिकृत तेह्रौं तह (सचिव)का निजामती कर्मचारीको दुई वर्ष हुने, तर नेपाल सरकारले कार्यदक्षताका आधारमा अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको पदावधि बढीमा एक वर्ष थप गर्न सक्ने ।

५ लोकसेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन नपाउने ।

६ आरक्षणको सुविधा एक व्यक्तिले राजपत्र अनंकित पदमा एकपटक र राजपत्रांकित पदमा एकपटक मात्र लिन पाउने ।

७ प्रमुख प्रशासकीय अधिकृतहरू प्रदेशगत रूपमा एकमुस्ट मुख्यमन्त्री कार्यालयमा पठाइने र स्थानीय तहमा पदस्थापन गरिने ।

८ कार्यकारी पदमा क्षमता परीक्षण गरी नेपाल सरकारले छड्के प्रवेश गराउन सक्ने ।

९ सात दिनभित्र बरबुझारथ गरी खटिएको कार्यालयमा हाजिर हुन रमाना लिनुपर्ने ।

१० दुर्गम भौगोलिक क्षेत्रमा र प्रमुख प्रशासकीय अधिकृत पद रहेका स्थानमा नगएमा बढुवाको सम्भाव्य उम्मेदवार हुन नसक्ने ।

११ कर्मचारीको मूल्यांकनमा नैतिक परीक्षण एकाइको सिफारिसका आधारमा अंक प्रदान हुने र सो एकाइले कर्मचारीको प्रोफाइलिङ गर्ने, मूल्यांकन अंकका आधारमा ग्रेडिङ गरिने, पहिले सुपरिवेक्षक पुनरवलोकनकर्तासहित तीन तहमा मूल्यांकन गरिने गरेकोमा अब सुरपरिवेक्षक र कर्मचारीको बिचमा कार्यसम्पादन सम्झौताका आधारमा दुई तहमा हुने, वरिष्ठतम अधिकृत रहने बढीमा तीन सदस्यीय मूल्यांकन समिति गठन गरिने ।

१२ निजामती कर्मचारीको कार्यसम्पादन कमजोर भएमा वा व्यक्तिगत बेरुजु भएमा पनि नकारात्मक सूचीमा राखिने र बढुवा वा मनोनयन रोक्का हुने ।

१३ प्रदेशहरूको पारस्परिक सहमतिमा अन्तरतह स्थानीय वा प्रदेशमा सरुवा गर्न सक्ने गरी प्रदेशले कानुन तर्जुमा गर्न सक्ने ।

१४ राजपत्रांकित द्वितीय श्रेणीसम्मका निजामती कर्मचारीको सरुवा, पदस्थापन तथा वृत्ति व्यवस्थापनसम्बन्धी कार्यलाई जवाफदेही बनाउन निजामती सेवा बोर्डको व्यवस्था गरिने, न्यूनतम अवधि अनिवार्य रूपमा कार्यान्वयन गराइने ।

१५ निजामती कर्मचारी ६० वर्षसम्म सेवामा बहाल रहने ।

१६ निजामती सेवामा प्रवेश गर्ने उमेरको अधिकतम सीमा पुरुषको हकमा ३२ वर्ष, महिलाको हकमा ३५ वर्ष र अपांगता भएका व्यक्तिको हकमा ३९ वर्ष कायम गरिने ।

१७ कर्मचारीलाई सेवा प्रवाह, नीति कार्यान्वयन र नीति तर्जुमा गर्ने कार्यालय वा निकायको क्रमागत अनुभव हासिल हुने गरी न्यूनतम एक अवधिका लागि चक्रिय आधारमा सरुवा वा पदस्थापन गरिने ।

१८ राजपत्रांकित तृतीय श्रेणी अधिकृतस्तरको कर्मचारीलाई न्यूनतम एक कार्य अवधि पूरा नभई कार्यालय प्रमुखको जिम्मेवारीमा सरुवा वा सुरु पदस्थापन नगरिने ।

» पृष्ठ २ मा क्रमशः

तेलमा झेल : मूल्यवृद्धिअघि ठुलो परिमाणमा इन्धन बिक्री

सरकारले निगमको घाटा कम गर्न कर छुट, सातामा दुई दिन बिदालगायतका पहल गरिरहेको छ, तर निगमले व्यवसायीसँगको 'मिलेमतो'मा मूल्य बढ्नु एक-दुई दिनअघि ठुलो परिमाणमा इन्धन बिक्री गरेर संस्थालाई थप नोक्सानी पुऱ्याइरहेको छ

अजित अधिकारी/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय बजारमा मूल्यवृद्धिको दबाब देखाउँदै सरकारले आयल निगमको घाटा कम गर्न विभिन्न उपाय अवलम्बन गर्दै आएको छ, जसमा कर छुट, सातामा दुई दिन सार्वजनिक बिदा, विद्यालयको नयाँ शैक्षिक सत्र ढिलाइ र पेट्रोलियम पदार्थमा उल्लेख्य मूल्यवृद्धिसमेत छन् । तर, निगमले मूल्य बढ्नुअघि ठुलो परिमाणमा इन्धन बिक्री गरेर संस्थालाई थप आर्थिक नोक्सानीमा धकेलिरहेको तथ्य सार्वजनिक भएको छ।

अमेरिका-इजरायल-इरान द्वन्द्वका कारण कच्चा तेलको अन्तर्राष्ट्रिय मूल्य बढेको भन्दै निगमले १ चैतयता ६ पटक पेट्रोलियम पदार्थको मूल्य बढाइसकेको छ। मूल्य

» पृष्ठ २ मा क्रमशः



निगमले मूल्यवृद्धि हुनु दुई दिनअघि २९ फागुनमा ४२ लाख ५२ हजार लिटर पेट्रोल र ९६ लाख ६५ हजार लिटर डिजेल बिक्री गऱ्यो। १ चैतमा ४८ लाख ६ हजार लिटर पेट्रोल र ९० लाख ९० हजार लिटर डिजेल बिक्री गरियो। त्यही राति पेट्रोलमा १५ र डिजेलमा १० रुपैयाँ मूल्यवृद्धि गरियो। जबकि अरू दिन औसत पेट्रोल २२ लाख र डिजेल ५४ लाख लिटर बिक्री हुन्छ।

● उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जन भन्छन्-

प्रत्येकपटक मूल्य बढ्नुअघि निगमले अतिरिक्त ५० लाख लिटर तेल बेच्छ



मूल्यवृद्धिअघि ठुलो परिमाणमा इन्धन बेचेर निगमका कर्मचारी र पेट्रोलपम्प सञ्चालकले लाभ लिने पुरानै प्रवृत्ति छ। प्रत्येकपटक मूल्य बढ्नुअघि निगमले ५० लाख लिटरभन्दा बढी इन्धन बेचेर लाभ लिने गरेको छ। भोलि भाउ बढ्छ भनेर पम्पहरू तेल नै नबेचेर बस्ने प्रवृत्ति पनि छ। निगमको प्रशासनिक क्षेत्र पनि मिलेमतोमा धेरै तेल बेच्न पल्किएको छ। भारतले अहिलेसम्म तेल कटौती गरेकै छैन, जति माग्यो, त्यति नै आइरहेको छ। त्यसैले मूल्यवृद्धिको निर्णयमा पनि कहीं न कहीं गडबडी छ। निगमले आफ्नो फाइदाका लागि मात्र मूल्यवृद्धि गरिरहेको छ।

इ-बिडिङ ह्याक गरी ठेक्का हत्याएको आरोपमा पूर्वमन्त्री पाण्डे पक्राउ

नयाँ पत्रिका

सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत पहुँच पुऱ्याएर (ह्याकिङ) ठुला सरकारी ठेक्का कब्जा गरेको आरोपमा पूर्वमन्त्री विक्रम पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ। पाण्डे कालिका कन्स्ट्रक्सनका मालिक हुन्।



'प्रणालीमा अनधिकृत पहुँच राखेर ठुला ठेक्का हत्याउने गरेको पुष्टि भएपछि पूर्वमन्त्री विक्रम पाण्डे र टंककुमार श्रेष्ठ पक्राउ परेका छन्'

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनलाई शुक्रबार काठमाडौंको चन्डोलबाट पक्राउ गरेको हो। उनीसँगै भीषण कन्स्ट्रक्सनका सञ्चालक टंककुमार श्रेष्ठ पनि पक्राउ परेका छन्।

सिआइबी प्रमुख एआइजी डा. मनोज केसीका अनुसार इ-गभर्नमेन्ट प्रोक्युरमेन्ट सिस्टमभित्र अनधिकृत पहुँच बनाई ठुला ठेक्का हत्याउने कार्य भएको खुलेपछि दुवैजनालाई पक्राउ गरिएको हो। 'प्रणालीमा अनधिकृत पहुँच राखेर ठुला ठेक्का हत्याउने गरेको पुष्टि भएपछि पूर्वमन्त्री विक्रम पाण्डे र टंककुमार श्रेष्ठ पक्राउ परेका छन्। अनुसन्धान जारी छ, थप तथ्यहरू खुल्दै जानेछन्,' उनले भने।

प्रहरीले उनीहरूविरुद्ध विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत

» पृष्ठ २ मा क्रमशः

■ नदीकिनारका सुकुमवासी बस्ती आज हटाइँदै

रंगशालामा 'स्क्रिनिङ'पछि अस्थायी सेल्टरमा राखिने

शुक्रबार थापाथलीस्थित टहरामा भेटिएका नीरज थापाले भने-



जाने ठाउँ कहीं छैन, यति छोटो अवधिमा कसरी जाने, कोठा खोज्दा कहीं पाइएन, बच्चाहरू सानै छन्, कोठा खोज्न शुक्रबार दिनभरि हिँडेँ, भेटिएन । सामान जोगाउन खुला ठाउँमा सारेको छु, बच्चाहरूसित शुक्रबार राति खुला आकाशमै सुत्ने त होला ।

शिवहरि घिमिरे/नयाँ पत्रिका
तस्बिरहरू : **अमुल थापा, दिपेन्द्र ढुंगाना**

काठमाडौं उपत्यकामा बागमती र मनोहरा नदीकिनार अतिक्रमण गरी बनाइएका अवैध संरचना हटाउन सरकारले आज (शनिबार)देखि डोजर चलाउँदै छ। बागमती करिडोरको थापाथली, टेकु, तीनकुने र सिनामंगल तथा मनोहरा क्षेत्रमा डोजर चलाएर शनिबार र आइतबार गरी दुई दिनमा अतिक्रमित क्षेत्र खाली गराउने सरकारको तयारी छ।

सुकुमवासी बस्ती हटाउन प्रहरी प्रशासन र काठमाडौं महानगरपालिकाको टोली बिहानैदेखि परिचालन हुने

» पृष्ठ २ मा क्रमशः



सिनामंगलस्थित सुकुमवासी बस्ती



मनोहरा नदीकिनारका सुकुमवासी बस्तीबाट सामान सार्दै



थापाथलीस्थित बागमती नदीकिनारमा बस्ती बसेका सुकुमवासी सामान सार्दै

● प्रधानमन्त्री बालेन्द्र शाहले भने-

वास्तविक सुकुमवासीलाई यथाशक्य चाँडो जग्गा वितरण गर्छौं



यो वर्षौंदेखिको समस्या हो र हरेक वर्ष दोहोरिने नियति पनि, यो समस्यालाई अब आउने वर्षका लागि थाती नराखी उहाँहरूलाई सुरक्षित रूपमा बसोबासको व्यवस्था मिलाउनुपर्छ भनेर मैले बारम्बार लेख्दै र भन्दै आएको छु। सोच्नुहोस् त, अब पनि कुनै ठुलो दुर्घटना कुन दिन आउँछ भनेर कुर्दै बस्ने हो र हामी ? उहाँहरूको जीवनसँग खेलबाड गर्दै त्यही हालमा छोडेर अधिकार र भोटको राजनीति यसरी नै सधैं गरिरहने ? उहाँहरूलाई उचित ठाउँमा व्यवस्थापन गर्नु उपयुक्त हुन्छ कि जसरी वर्षौंदेखि झुलाइयो, त्यसैगरी अबका वर्षहरूमा पनि झुलाइराख्नु ? नागरिकका रूपमा उहाँहरूले पाउने अधिकार त्यही अव्यवस्थित र डुबानको जोखिम भएको ठाउँमा बसिरहनु हो कि त्योभन्दा सुरक्षित ठाउँमा जानु हो ? पक्कै पनि जोखिमरहित व्यवस्थापन उहाँहरूको अधिकार हो।

देशभरका वास्तविक सुकुमवासीका लागि प्रक्रिया पुऱ्याएर यथाशक्य चाँडो जग्गा वितरण गर्नेछौं। वर्षौं पुरानो यो समस्याको स्थायी समाधान यो सरकारले गर्नेछ।

इ-बिडिङ...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धान अघि बढाएको छ। प्रारम्भिक अनुसन्धानअनुसार ठेक्काको आर्थिक प्रस्ताव खोलिनुअघि नै प्रणालीमा प्रवेश गरी दरेटहरू हेर्ने र त्यसै आधारमा कम मूल्य प्रस्ताव राख्ने गरिएको पाइएको छ। यसरी अन्ततः उनीहरूको प्रस्ताव स्वीकृत हुने अवस्था सिर्जना हुने गरेको देखिएको छ।

प्रणालीमा अनधिकृत पहुँचको शंका लागेपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले आन्तरिक छानबिन गरेको थियो। प्रारम्भिक निष्कर्षपछि कार्यालयले सिआइबीमा जाहेरी दिएको हो। त्यसपछि साइबर ब्युरोले विस्तृत अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा बोलपत्र प्रणालीमा प्रवेश गरी अन्य कम्पनीका प्रस्ताव हेर्ने र अन्तिम समयमा कम मूल्य राखेर ठेक्का जित्ने प्रवृत्ति देखिएको प्रहरीले जनाएको छ। सिआइबी प्रमुख केसीका अनुसार आर्थिक प्रस्ताव खोलिनुअघि नै कागजातमा अनधिकृत पहुँच पुऱ्याई प्रस्ताव परिमार्जन गर्ने गतिविधि भएको उजुरीका आधारमा अनुसन्धान अघि बढाइएको हो।

अनुमगन कार्यालयको उजुरीपछि साइबर ब्युरोले दुई महिनादेखि घटनाको अनुसन्धान गरिरहेको छ। हालसम्मको अनुसन्धानले सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन सिस्टममा अनुचित पहुँच पुऱ्याएको प्रशस्त प्रमाण भेटिएका छन्।

सुरुमा यस विषयमा कार्यालयको आइटी टिमले छानबिन गरेको थियो। जसक्रममा प्रणालीमा अनधिकृत गतिविधि देखिएपछि विस्तृत छानबिनका लागि प्रहरीलाई पत्राचार गरेको थियो।

कार्यालयले बोलपत्रडटकमडटएनपीमार्फत अनलाइन बोलपत्रको व्यवस्थापन गर्दै आएको छ। सोही वेबसाइटमा ठेकेदारहरूले बोलपत्र प्रविष्ट गर्नुपर्ने हुन्छ। तर, केही गिरोहले बोलपत्रको प्रणाली ह्याक गरी अरूले पेस गरेको बोलपत्र हेर्ने गरेका थिए। बोलपत्र पेस गर्न तोकिएको समयभन्दा केही मिनेट मात्र अगाडि सबैको भन्दा कम हुने गरी आफ्नो आर्थिक प्रस्ताव राखेर ठेक्का कब्जा गर्दै आएको कार्यालयको प्रारम्भिक छानबिनले देखाएको छ।

त्यसमध्ये एक ठेक्का काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)को हो। केयुकेएलले एसियाली विकास बैंकको सहयोगमा काठमाडौं उपत्यकाका विभिन्न स्थानमा पाइप बिछ्याउनका लागि करिब १० अर्ब रुपैयाँको ठेक्का खुलाएको थियो। जुन ठेक्का ह्याकिङमार्फत केही कम्पनीले हात पारेको सूचनामा कार्यालयले छानबिन गऱ्यो।

पाँचवटा प्याकेजमार्फत खुलाइएको ठेक्कामा करिब चार अर्बबराबरको तीनवटा प्याकेज आशिष निर्माण सेवाले पाउन लागेको छ। सोही कम्पनीको सबैभन्दा कम आर्थिक प्रस्ताव छ। सो कम्पनीका मालिक निर्माण गौली हुन्। सोही कम्पनीले नै अनधिकृत पहुँच पुऱ्याएको आशंकामा छानबिन भइरहेको स्रोत बताउँछ। सो कम्पनीले यसअघि मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयको एक ठेक्कामा पनि अन्तिम सयमा 'बिड मोडिफाई' गर्ने असफल प्रयास गरेको कार्यालयको छानबिनमा देखिएको थियो।

केयुकेएलमा बाँकी ठेक्का चिनियाँ कम्पनीसँगको साझेदारीमा सगुन निर्माण सेवालाई दिने तयारी छ। सो कम्पनीको पनि मिलेमतोको आशंका गरिएको स्रोत बताउँछ। सबैभन्दा कम आर्थिक प्रस्ताव गर्ने कम्पनीका सञ्चालक तथा कर्मचारीसँग पनि प्रारम्भिक सोधपुछ भइसकेको छ।

तेलमा झेल...

पृष्ठ १ बाट क्रमशः

बढ्ने पूर्वानुमान गर्दै पेट्रोलियम व्यवसायीले खपतभन्दा बढी इन्धन माग गर्ने र निगमले त्यसअनुसार आपूर्ति गरेको देखिएको छ। प्रत्येक महिनाको १ र १५ गते नयाँ मूल्यसूची आउने नियमित अभ्यासका कारण मूल्यको पूर्वानुमान सम्भवजस्तै देखिन्छ।

विगतमा मूल्यवृद्धिअघि बिक्रीमा कडाइ गरिने अभ्यास भए पनि यसपटक त्यसको उल्टो देखिएको छ। निगमका उच्च व्यवस्थापन र पेट्रोलियम पम्प सञ्चालकहरूबिचको मिलेमतोबाट ठुलो परिमाणमा इन्धन बिक्री गरिएको छ। बजारको वास्तविक मागभन्दा व्यवसायीको मागका आधारमा इन्धन वितरण गर्ने प्रवृत्तिले आयल निगमलाई थप आर्थिक नोक्सानीमा धकेलिरहेको छ। १ चैत, १७ चैत र २ वैशाखको मूल्य समायोजनपूर्व निगमबाट बिक्री भएको इन्धनको तथ्यांक विश्लेषण गर्दा निगमका उच्च व्यवस्थापन र पेट्रोलियम पम्प सञ्चालकले ठुलो लाभ दिएको देखाउँछ।

१ चैतको मूल्य समायोजनअघि ८८ लाख १३ हजार लिटरभन्दा बढी इन्धन बिक्री

निगमले १ चैत आइतबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर १५-१५ रुपैयाँ बढाएको थियो। तर, यसरी मूल्य बढाउनुअघि नै निगमले ठुलो परिमाणमा पेट्रोलपम्पलाई इन्धन बेचेको तथ्य भेटिएको छ। मूल्यवृद्धिअघि २९ फागुन (शुक्रबार) ४२ लाख ५२ हजार लिटर पेट्रोल र ९६ लाख ६५ हजार लिटर डिजेल बिक्री भएको थियो। शनिबार बिदाको दिन इन्धन बिक्री बन्द थियो। आइतबार राति मूल्यवृद्धि गर्नुअघि दिनभरमा पेट्रोल ४८ लाख ६ हजार लिटर र डिजेल ९० लाख ९० हजार लिटर बिक्री गरेको थियो।

शनिबार सार्वजनिक बिदा पर्ने भएकाले अन्य दिनको तुलनामा शुक्रबार र आइतबार धेरै तेल बिक्री हुन्छ। तर, २९ फागुन शुक्रबार र १ चैत आइतबार जुन परिमाणमा इन्धन बिक्री भएको छ, त्यति धेरै इन्धन त्यसयताका कुनै पनि शुक्रबार र आइतबार बिक्री भएको छैन। त्यसैले मूल्यवृद्धि हुनुअघि ठुलो परिमाणमा इन्धन बेचेर निगम व्यवस्थापनले लाभ लिएको स्रोतको भनाइ छ।

निगमले ६ चैत शुक्रबार २४ लाख ९० हजार लिटर पेट्रोल र ६६ लाख ४० हजार लिटर डिजेल बिक्री गरेको थियो। यही परिमाणलाई शुक्रबार र आइतबारको औसत बिक्री मान्ने हो भने मूल्यवृद्धिको छेक्का पारेर २९ फागुन र १ चैतमा बिक्री गरेको परिमाण औसत खपतको तुलनामा ८८ लाख १३ हजार लिटर बढी हो।

निगमका कार्यकारी निर्देशक डा.चण्डिकाप्रसाद भट्टले भने बाहिर हल्ला भएजस्तो मूल्य बढ्नुअघि इन्धन बिक्री नभएको दाबी गरे। 'अहिले चर्को घाटा रहेकाले इन्धन बिक्रीमा कडाइको नीति लिइएको छ। सामान्य खपतको भन्दा बढी बिक्री गर्ने कुरै छैन,' उनले भने, 'सबै डिपोहरूमा इन्धन बिक्री पारदर्शिता अपनाउन पनि निर्देशन भएको छ।'

निगम प्रवक्ता मनोज ठाकुरले व्यवसायीले माग गरेको परिमाण नै बजार माग भएकाले बिक्री गर्नुपर्ने दायित्व रहेको बताए। 'व्यवसायीले मागेजति तेल दिनु दायित्व हो। यदि तेल नदिए बजारमा अभाव पनि हुन सक्छ,' उनले भने, 'यद्यपि, हामीले बिक्रीमा कडाइ गरेका छौं।' उनले मूल्यवृद्धिअघि धेरै तेल बिक्री भएको तथ्यांक अस्वीकार गरे। 'सार्वजनिक बिदाका दिन परेको खण्डमा धेरै तेल बिक्री हुनु स्वाभाविक हो,' उनले भने, 'अन्य समयमा भने मागअनुसार नै बिक्री भइरहेको छ।'

मूल्य समायोजन नहुने यकिन भएको ६ चैत शुक्रबार २४ लाख ९० हजार लिटर पेट्रोल र ६६ लाख ४० हजार लिटर पेट्रोल बिक्री भएको छ भने ८ चैत आइतबार २१ लाख ६५ हजार लिटर पेट्रोल र ५६ लाख लिटर डिजेल बिक्री भएको छ। यो तथ्यांकले सार्वजनिक बिदाको अघिल्ला र पछिल्लो दरमा ठुलो दरले इन्धन बिक्री हुने प्रवक्ता ठाकुरको दाबीसँग मेल खादैन।

मूल्यवृद्धि हुने १ चैतको अघिल्लो दिन २९ फागुनमा ४२ लाख ५२ हजार लिटर पेट्रोल र ९६ लाख ६५ हजार लिटर डिजेल बिक्री भएको छ। मूल्यवृद्धि भएको दिन १ चैतमा भने ४८ लाख ६ हजार लिटर पेट्रोल र ९० लाख ९० हजार लिटर डिजेल बिक्री भएको छ। पेट्रोलमा १५ र डिजेलमा १० रुपैयाँ मूल्यवृद्धि गरिएको छ। जसकारण निगमलाई १० करोड ८३ लाख ९० हजार रुपैयाँ नोक्सानी भएको छ। निगमले नियमित तालिका १ र १५ तारिखबाहेक अन्य समय ११ चैत, १९ चैत र २६ चैतमा मूल्य बढाउँदा भने नियमित परिमाणमै इन्धन बिक्री गरेको छ।

निगमले नाफा-नोक्सान हिसाब गर्न तयार गरेको रिपोर्टअनुसार औसत दैनिक रूपमा पेट्रोलको खपत २२ लाख र डिजेलको खपत ५५ लाख लिटर छ। आयल निगम अहिले १४ अर्ब घाटामा गएको छ। १५ फागुनसम्म करिब ५० करोड नाफा भए पनि त्यसयता मध्यपूर्वमा भएको युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ बढेकाले नेपाली बजारमा सोहीअनुसार समायोजन गर्न नसक्दा निगम घाटामा गएको हो।

१७ चैतअघि तीन दिन लगाएर ९० लाख लिटरभन्दा बढी इन्धन बिक्री, तर मूल्यवृद्धि नहुँदा निराश

१ र १५ तारिखमा मूल्यवृद्धि गर्ने स्थायी संरचना भएअनुसार १७ चैतमा पुनः मूल्यवृद्धि गर्ने कार्यतालिका थियो। त्यसवेला पनि निगमले औसत मागभन्दा बढी हुने गरी १५ चैतमा पेट्रोल ३७ लाख ३६ हजार लिटर र डिजेल ९७ लाख २९ हजार लिटर, १६ चैतमा २९ लाख दुई हजार लिटर पेट्रोल र ७५ लाख ४७ हजार लिटर डिजेल तथा मूल्यवृद्धि हुने १७ चैतमा ३१ लाख ७४ हजार लिटर पेट्रोल र ६८ लाख ४६ हजार लिटर डिजेल बिक्री गरेको थियो।

मूल्य समायोजन हुने तीन दिनमा औसत मागभन्दा पेट्रोल २९ लाख १२ हजार लिटर (१५ चैत आइतबारको औसत खपत २५ लाख लिटर र अन्य दिनको औसत खपत २२ लाख लिटरका आधारमा) र डिजेल ६१ लाख २२ हजार लिटर (१५ चैत आइतबारको औसत खपत ७० लाख र अन्य दिनको औसत खपत ५५ लाख लिटरका आधारमा) बढी बिक्री भएको प्राप्त तथ्यांकमा उल्लख छ। यसरी निगमले पेट्रोल र डिजेल गरेर औसत मागभन्दा ९० लाख ३४ हजार लिटर बढी बेचेको थियो। तर, १७ चैत राति सञ्चालक समितिले हवाई इन्धनको मात्र मूल्यवृद्धि गर्ने निर्णय गऱ्यो। जसकारण बढी तेल बेचेर लाभ लिने कर्मचारी र पम्प व्यवसायी निराश भएका थिए।

औसत मागभन्दा बढी इन्धन आयल निगमबाट बिक्री भइरहेको विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अधिकारीलाई अनौपचारिक जानकारी पुगेको थियो। त्यसपछि, सञ्चालक समितिले आन्तरिक हवाई इन्धन प्रतिलिटर १२४ र बाह्य हवाई इन्धन प्रतिकिलोलिटर ८१९ डलरले बढाएर अन्यको मूल्य यथावत् राखेको थियो।

मूल्य बढ्ने आसमा पेट्रोलपम्पमा अत्यधिक तेल बिक्री भएको भोलिपल्टको तथ्यांकले पनि पुष्टि गर्छ। किनभने १८ चैत बुधबार देशभर पेट्रोल नौ लाख ५५ हजार र डिजेल ३६ लाख २५ हजार लिटर मात्रै बिक्री भएको छ, जुन सामान्य खपतको तुलनामा आधा मात्रै हो। स्रोतका अनुसार पम्पमा तेल राख्ने ठाउँ नै नभएपछि बिक्री घटेको थियो। निगमले १९ चैत बिहीबार पेट्रोल र डिजेलमा प्रतिलिटर १५-१५ रुपैयाँ मूल्यवृद्धि गरेको थियो। उक्त दिन भने सामान्य खपतअनुसार नै इन्धन बिक्री भएको थियो। तर, पहिले नै धेरै तेल उठाएर मौज्दात राखेकाले त्यसबाट लाभ लिएको स्रोतको भनाइ छ।

२ वैशाखको मूल्यवृद्धिलाई लक्षित गरेर पनि मागभन्दा बढी इन्धन बिक्री

निगम व्यवस्थापन र पम्प सञ्चालकहरूले २ वैशाख (१५ अप्रिल)मा इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट नयाँ मूल्यसूची आउनेबित्तिकै मूल्यवृद्धि हुने अनुमान गर्दै त्यसबाट लाभ लिन अघिल्लो दिनदेखि नै ठुलो परिमाणमा इन्धन बिक्री गरेको देखिएको छ। तथ्यांकअनुसार निगमले ३० चैत (सोमबार) ४३ लाख ७२ हजार लिटर पेट्रोल बिक्री गरेको थियो, जुन सामान्य खपतको तुलनामा करिब दोब्बर हो। सोही दिन ७६ लाख ७४ हजार लिटर डिजेल बिक्री भएको थियो। यति ठुलो परिमाणको बिक्री हुनुमा अघिल्लो शनिबार र आइतबार परेको सार्वजनिक बिदा मुख्य कारण भएको निगमका प्रवक्ता ठाकुरले दाबी गरेका छन्। '३० चैतअघि लगातार दुई दिन सार्वजनिक बिदा परेकाले इन्धन बिक्री हुन सकेन,' उनले भने, 'दुई दिनपछि कार्यालय खुल्दा बिक्री बढ्नु स्वाभाविक हो।'

निगमका अनुसार लगत्तै १ वैशाखमा पनि सार्वजनिक बिदा परेकाले त्यसको प्रभाव २ वैशाखको बिक्रीमा समेत देखिएको हो। २ वैशाखमा ३४ लाख ६ हजार लिटर पेट्रोल र ६२ लाख ६८ हजार लिटर डिजेल बिक्री भएको थियो। अघिल्लो दिन बिदा परेकाले सो दिन पनि बिक्री उच्च भएको प्रवक्ता ठाकुरको भनाइ छ। सोही दिन रातिदेखि लागू हुने गरी डिजेलको मूल्य ३० रुपैयाँ बढाइएको थियो भने पेट्रोलको मूल्य यथावत् राखिएको थियो।

यद्यपि, ३० चैतको उच्च बिक्रीलाई बिदासँग जोडिए पनि त्यसपछिको तथ्यांकले फरक चित्र देखाउँछ। ७ वैशाख (सोमबार) जुन दिन पनि अघिल्लो दुई दिन सार्वजनिक बिदापछि कार्यालय खुलेको भए पनि पेट्रोल ३७ लाख २३ हजार लिटर र डिजेल ५३ लाख २० हजार लिटर मात्र बिक्री भएको छ। यसरी तुलना गर्दा २ वैशाखको बिक्री ७ वैशाखको तुलनामा पेट्रोलतर्फ ६ लाख ४९ हजार लिटर र डिजेलतर्फ २३ लाख चार हजार लिटर बढी देखिन्छ। यसले बिदा मात्र नभई मूल्यवृद्धिको पूर्वसूचनाका आधारमा अस्वाभाविक रूपमा इन्धन खपत र वितरण बढाइएको आशंका छ।

नदीकिनारका...

पृष्ठ १ बाट क्रमशः

भएको छ। 'अतिक्रमित क्षेत्र खाली गर्न २४ घण्टाको अल्टिमेटम दिएका थियौं, अल्टिमेटम शुक्रबार साँझ सकिसकेको छ,' काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारीसमेत रहेका प्रवक्ता मुक्तिराम रिजालले भने, 'अब शनिबार बिहान ६ बजेबाट थापाथलीदेखि अतिक्रमित क्षेत्र खाली गराउने काम हुन्छ।'

बस्ती हटाउन सहरी विकास मन्त्रालय र सडक विभागका २० भन्दा बढी डोजर र १५ हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिँदै छ। काठमाडौं महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार महानगरले भौतिक रूपमा संरचना भत्काउन डोजर प्रयोग नगरे पनि मानवीय व्यवस्थापन र बसोबासको क्षेत्रमा पूर्ण जिम्मेवारी वहन गर्नेछ।

प्रशासनले बिहीबारदेखि नै माइकिङ गरी सामान हटाउन सूचित गरेको थियो। शुक्रबार साँझ ७ बजेसम्मको समयसीमाभित्र धेरैजसो सामान लिएर आफ्नै घरतर्फ फर्किसकेका छन् भने विकल्प नभएकाहरू खुला आकाशमुनि सामान सारेर बसेका छन्। थापाथली क्षेत्रमा मात्र पाँच सय ५० घरटहरा रहेको अनुमान छ। उपत्यका विकास प्राधिकरणले गत असोज, कात्तिक र मंसिरमा अनुगमन गर्दा ३६ जनाको अन्यत्र घरजग्गा भएको पाइएको थियो।

प्रधानमन्त्री बालेन्द्र शाहले सुकुमवासी समस्याको स्थायी समाधान गर्ने दाबी गर्दै बस्ती खाली गराउन निर्देशन दिएपछि यो प्रक्रिया अघि बढेको हो। सरकारको सयदिने कार्ययोजनामा पनि सुकुमवासी व्यवस्थापनको विषय समेटिएको थियो। कार्ययोजनामा भनिएको छ, 'देशभरका भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत संकलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासी समस्या हजार दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घरपरिवार सर्वेक्षण सञ्चालन गर्ने, वास्तविक लाभग्राही पहिचानका लागि स्पष्ट मापदण्ड लागू गर्ने।'

यसअघि सर्वोच्च अदालतले काठमाडौं उपत्यकाका नदीकिनाराका अतिक्रमण क्षेत्र खाली गराउन ३ पुस ०८० मा आदेश दिएको थियो। सोही आदेशअनुसार महानगरपालिकाले दुई वर्षअघि थापाथलीको सुकुमवासी बस्ती हटाउन खोजेको थियो। तर, झडपको स्थिति निम्तिएपछि महानगरपालिका पछि हटेको थियो।

बस्ती हटाउँदा घरवासविहीन हुनेलाई व्यवस्थित गर्न सरकारले चरणबद्ध योजना बनाएको जनाएको छ। काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी मुक्तिराम रिजालका अनुसार प्रारम्भिक व्यवस्थापनका लागि विस्थापितलाई सुरुमा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा लगिनेछ।

त्यहाँ विवरण संकलन र स्क्रिनिङ हुनेछ। देशका कुनै पनि स्थानमा तीन पुस्ताका नाममा घरजग्गा भएकाको पहिचान गरी घर पठाइनेछ। वास्तविक पीडितलाई शनिबार साँझै सरकारी सेल्टरमा स्थानान्तरण गरिनेछ। महानगरपालिकाले उनीहरूको खाना, स्वास्थ्य, शिक्षा र हेरचाहको जिम्मेवारी लिनेछ। नागार्जुन नगरपालिकाको इचंगुनारायणमा २३० परिवार बस्न मिल्ने भवन यसअघि नै निर्माण गरिएको थियो।

सरकारले अव्यवस्थित सुकुमवासी बस्ती हटाएर वास्तविक सुकुमवासीलाई सुरक्षित आश्रयस्थलमा राख्ने र परिचयपत्रसमेत दिने योजना शुक्रबार सार्वजनिक गरेको छ। भौतिक पूर्वाधार र सहरी विकासमन्त्री सुनील लम्सालको अध्यक्षतामा शुक्रबार बसेको बैठकले सुकुमवासी पहिल्याउने आधारसहित ११ बुँदे विस्तृत योजना सार्वजनिक गरेको छ। बैठकले सबै निर्णय कार्यान्वयनका लागि सहरी विकासमन्त्री लम्सालको संयोजकत्वमा केन्द्रीय समन्वय समिति गठन गर्ने निर्णय पनि गरेको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, उदयपुर
गाईघाट, (बोक्से)

मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको नामसारी हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यसमा जिल्ला सिराहा गोविन्दपुर वडा नं. ३ बस्ने हास माया तामांगीले मेरो सांविक जिल्ला उदयपुर गा.वि.स. पंचावती वडा नं. ४ भई हाल जिल्ला सिराहा गोविन्दपुर वडा नं. ३ भई परिवर्तित लहान न.पा. वडा नं. १६ बस्ने स्वोम माया तामाङको नाममा दर्ता कायम रहेको जिल्ला उदयपुर गा.वि.स.पंचावती वडा नं. ४ घ कि.न. २० ज.वि. ०-६-५ को जग्गा मेरो बुवा शुक्र बहादुर तामाङको मिति २०२८/११/१५ मा र निजको १ मात्र पत्नि मेरो आमा ज.ध. स्वोम माया तामाङको मिति २०६४/०१/०५ मा मृत्यु भई सकेको हुदाँ निज मृतक दम्पतिबाट कुनै छोराको जायजन्म नभएको र म निवेदिका १ मात्र छोरी हकदार भएको हुदाँ आमाको नाममा दर्ता कायम रहेको माथि उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गरिपाँउ भनि माग निवेदन भएको सम्बन्धमा ज.ध. स्वोम माया तामाङ र निजको पति शुक्र बहादुर तामाङको कोखबाट कोही छोरा छन् कि ? निवेदिका भन्दा अन्य छोरीहरू पनि छन् कि ? शुक्र बहादुर तामाङको कतिवटा पत्निहरू छन् ? मृतक बाचुन्जेल कसले पालनपोषण र मृत्यु पछि कसले काजक्रिया गरेको हो ? मृतक दम्पतिहरूको निवेदिका भन्दा अन्य कोही कसैले बाचुन्जेल पालनपोषण, औषधि उपचार र काजक्रिया गरेको हो कि ? माग बमोजिम माथि उल्लेखित जग्गाहरू निवेदिकाको नाममा नामसारी गरिदिदा कोही कसैलाई फरक पर्छ कि ? अन्य कोही कसैको हक हनन हुन्छ, हुँदैन ? भन्ने सम्बन्धमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि स्याद समाप्त भए पछि पेश गर्नु।
इति सम्वत २०८३ साल वैशाख ०९ गते रोज ४ शुभम्।

कर्मचारीले दलीय...

पृष्ठ १ बाट क्रमशः

निजामती क्षेत्रमा दलीय ट्रेड युनियन रहने वा नरहने विषयमा बहस जारी रहँदा सरकारले भने यसमा थप कडाइ गर्ने नीति लिएको छ। मस्यौदामा निजामती सेवामा ट्रेड युनियन नरहने व्यवस्था गरिएको छ। त्यसको साटो कर्मचारीका गुनासा सुनुवाइ गर्नका लागि प्रभावकारी संयन्त्र बनाइने व्यवस्था मस्यौदामा छ। त्यस्तै, कर्मचारीको दलीय आबद्धता देखिएमा बर्खास्तसम्म गर्ने प्रावधान राखिएको छ।

राजनीतिक दल, तिनका भ्रातृ तथा जनवर्गीय संगठन वा दलसँग आबद्ध अन्य संगठनको सदस्यता लिने, राजनीतिक गतिविधिमा संलग्न हुने वा निर्वाचनमा उम्मेदवार बन्ने कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्ने प्रस्तावसमेत समावेश गरिएको छ।

२१ फागुनको निर्वाचनपछि १३ चैतमा बनेको सरकारले एक महिना नपुग्दै महत्त्वपूर्ण विधेयकको मस्यौदा बनाएको हो। संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल छिन्। उनले यसअघि रिक्त स्थानीय तहमा कार्यकारी प्रमुख पठाइसकेकी छिन्। यसअघि राष्ट्रिय सभाले विघटित प्रतिनिधिसभामै पठाएको विधेयकलाई प्रारम्भिक मानेर मन्त्रालयले नयाँ मस्यौदा तयार गरेको हो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको मस्यौदाअनुसार मुख्यसचिव र सचिवको पदावधि दुई वर्ष कायम गर्ने व्यवस्था गरिएको छ। हाल मुख्यसचिवको पदावधि तीन वर्ष र सचिवको पाँच वर्ष रहने व्यवस्था रहेकामा सरकारले त्यसलाई घटाएर दुई वर्ष कायम गर्ने प्रस्ताव गरेको छ। प्रस्तावित विधेयकअनुसार सचिवको पदावधि कार्यक्षमताका आधारमा नेपाल सरकारले अधिकतम एक वर्षसम्म थप गर्न सक्ने व्यवस्था पनि समेटिएको छ।

कर्मचारी सरुवालाई व्यवस्थित बनाउन न्यूनतम र अधिकतम कार्यअवधि तोक्ने व्यवस्था पनि मस्यौदामा समावेश गरिएको छ। एउटै कार्यालयमा एउटै पद र समान जिम्मेवारीमा कुनै पनि कर्मचारी चार वर्षभन्दा बढी बस्न नपाउने प्रावधान प्रस्ताव गरिएको छ।

उपसचिव र शाखा अधिकृतलाई तीन वर्ष तथा सहायकस्तरका कर्मचारीलाई चार वर्ष पूरा नभई अन्तरमन्त्रालय सरुवा नगर्ने प्रावधान छ। साथै अधिकृतस्तरका कर्मचारीलाई न्यूनतम एक कार्यकाल पूरा नगरी कार्यालय प्रमुखको जिम्मेवारीमा सरुवा वा प्रारम्भिक पदस्थापन नगरिने व्यवस्था पनि प्रस्ताव छ।

सरुवा, पदस्थापन र कामकाजमा खटाउने प्रक्रियालाई सूचना प्रविधिमा आधारित प्रणालीमार्फत सञ्चालन गर्ने प्रावधान पनि विधेयकमा छ। उपसचिवसम्मका कर्मचारीको सरुवा, पदस्थापन तथा वृत्ति व्यवस्थापनलाई थप पारदर्शी र जवाफदेही बनाउन 'निजामती सेवा बोर्ड' गठन गर्ने प्रस्ताव छ। यसमार्फत कर्मचारीको न्यूनतम कार्यअवधि अनिवार्य कार्यान्वयन गराइने लक्ष्य राखिएको छ। त्यसैगरी दुर्गम भौगोलिक क्षेत्रमा सेवा नगर्ने वा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी नलिने कर्मचारीलाई बढुवाका लागि योग्य नमानिने व्यवस्था पनि मस्यौदामा छ।

सहसचिव र सचिव अवकाश भएको वा राजीनामा दिएको दुई वर्षसम्म कुनै पनि संवैधानिक, कूटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति गर्न नपाउने व्यवस्था गरेर दुईवर्षे 'कुलिङ पिरियड' कायम गरिएको छ। यसैगरी निजामती कर्मचारीको कार्यसम्पादन कमजोर भएमा वा व्यक्तिगत बेरुजु भएमा पनि नकारात्मक सूचीमा राखिने र बढुवा वा मनोनयन रोक्का हुने प्रस्ताव छ।

संघीय निजामती सेवाको कुनै कार्यकारी वा विशेषज्ञ पदमा नेपाल सरकारले कार्यक्षमतामा आधारित वा कार्यमूलक प्रयोगात्मक परीक्षण गरी खुला वा छड्के प्रवेशको विशेष व्यवस्था गर्न सक्ने पनि विधेयकको मस्यौदामा छ। यसैगरी आरक्षणको सुविधा बढीमा दुईपटक मात्र लिन पाउने प्रस्ताव छ। एक व्यक्तिले राजपत्रअनंकित (अधिकृतभन्दा मुनि) र राजपत्रांकित (अधिकृत र सोमाथि) पदमा एकपटक मात्र लिन पाउने मस्यौदामा छ।

सात दिनभित्र बरबुझारथ गरी खटिएको कार्यालयमा हाजिर हुन रमाना लिनुपर्ने कसिलो व्यवस्थाको प्रस्तावसमेत गरिएको छ। कार्यसम्पादनको मूल्यांकन सूचकमा आधारित हुने र त्यसमा संस्थागत नतिजा एवं उपलब्धसमेत हेरिने व्यवस्था प्रस्तावित छ। सेवा प्रवाह गर्ने निकायमा कार्यरत कर्मचारीको मूल्यांकन गर्दा सेवाग्राहीको पृष्ठपोषणबापतको अंकसमेत अनिवार्य गरिने व्यवस्था मस्यौदामा छ।

प्रस्तावित व्यवस्थाअनुसार कुनै पनि निजामती कर्मचारीले लोकसेवा तयारी कक्षा लिन नपाउने भएका छन्। लोकसेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीका लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन नपाउने व्यवस्था प्रस्तावित छ। यो व्यवस्थाले ऐनका रूपमा हाल हाल ठुलो विकृतिका रूपमा मौलाएको यो बेथिति अन्त्य हुने अपेक्षा छ।

विधेयकको मस्यौदामा ५५ वर्ष उमेर पूरा भएका र पेन्सन पाक्ने कर्मचारीले स्वेच्छिक अवकाश लिन सक्ने व्यवस्था गरिएको छ। निवृत्तिभरण पाउने अवस्था र ५५ वर्ष उमेर पूरा भएका निजामती कर्मचारीले सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लेखित सर्तमा रही स्वेच्छिक अवकाश लिन सक्ने व्यवस्था गरिएको छ। यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको ६० वर्ष उमेर ननाघ्ने गरी बढीमा पाँच वर्षसम्म सेवाअवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवाअवधि कायम गरिने मस्यौदामा छ।

त्यस्तै, दोहोरो सुविधामा रोक लगाइएको छ। त्यस्तो गरिएको पाइए असुल गरिने व्यवस्था गरिएको छ। निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश भई निवृत्तिभरण प्राप्त गरेका व्यक्ति राज्यको कुनै लाभको पदमा नियुक्त भएमा सो अवधिभर निजले उक्त पदको मासिक तलब सुविधा वा निवृत्तिभरणमध्ये एक मात्र छनोट गरी लिनुपर्ने र यसविपरीत सुविधा लिएको पाइएमा सरकारी बाँकीसरह असुलउपर गरिने मस्यौदामा उल्लेख छ।

मस्यौदामा निजामती सेवामा प्रवेश गर्ने अधिकतम् उमेरको सीमा पनि घटाइएको छ। विद्यमान कानुनमा सेवा प्रवेश गर्ने उमेरहद महिला र अपांगता भएका व्यक्तिको ४० वर्ष तथा पुरुषको ३५ वर्ष थियो। प्रस्तावित मस्यौदामा महिलाको पाँच वर्ष घटाएर ३५, पुरुषको तीन वर्ष घटाएर ३२ र अपांगता भएका व्यक्तिको एक वर्ष घटाएर ३९ वर्ष राखिएको छ।

स्वार्थको द्वन्द्वलाई पनि ऐनमार्फत रोक्न खोजिएको छ। कुनै पनि निजामती कर्मचारीले आफ्नो पद, अधिकार वा जिम्मेवारी प्रयोग गर्दा निजको व्यक्तिगत, पारिवारिक, व्यावसायिक वा आर्थिक स्वार्थसँग द्वन्द्व हुने वा हुन सक्ने कुनै पनि कार्यमा संलग्न हुन नपाइने स्वार्थको द्वन्द्वसम्बन्धी व्यवस्था प्रस्ताव गरिएको छ।

प्रदेशहरूको पारस्परिक सहमतिमा अन्तरतह स्थानीय वा प्रदेशमा सरुवा गर्न सक्ने गरी प्रदेशले कानुन तर्जुमा गर्न सक्ने व्यवस्था मस्यौदामा छ। समायोजन भएर प्रदेश वा स्थानीय तहमा हाजिर हुन नसकेका कर्मचारीहरूको संघमा नै पदस्थापन गर्न सकिने तथा सर्वोच्च अदालतबाट समायोजन सम्बन्धमा भएका फैसला र निर्देशनात्मक आदेशहरूको कार्यान्वयन गर्ने गरी व्यवस्था गर्ने प्रस्तावित छ।

न्याय सेवा, लेखापरीक्षण सेवा, न्यायिक तथा संवैधानिक निकायबाहेकका जिल्लास्थित कार्यालयमा कार्यरत कर्मचारीको विभागीय प्रमुखका रूपमा प्रमुख जिल्ला अधिकारी रहने मस्यौदामा उल्लेख छ। स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू प्रदेशगत रूपमा एकमुस्ट मुख्यमन्त्री कार्यालयमा पठाउने र स्थानीय तहमा पदस्थापन गर्ने प्रस्तावित व्यवस्थामा छ।

प्रतिष्ठित विश्वविद्यालय वा अनुसन्धान केन्द्रबाट विशिष्टीकृत विषयमा उच्च शैक्षिक उपलब्धि हासिल गरेका कर्मच

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १२ वैशाख ०८३
nayapatrikaofficial @naya_patrika

निर्देशक तुलसी घिमिरेलाई छोरी पञ्चमीको प्रश्न

म जन्मिँदा १० दिनसम्म घर किन आउनुभएन ?

*नेपाली चलचित्र उद्योगको प्रतिष्ठित नाम हो, **तुलसी घिमिरे** । चलचित्र निर्देशक, पटकथा लेखक, सम्पादक, अभिनेता तथा गीतकारका रूपमा परिचित छन्, उनी । उनले नेपाली चलचित्र 'बाँसुरी'बाट निर्देशकको रूपमा करिअर थालेका थिए । उनका 'कुसुमे रुमाल', 'लाहुरे', 'चिनो', 'दर्पण छायाँ', 'बलिदान', लगायतका चलचित्रहरू नेपाली सिनेमा इतिहासमा महत्त्वपूर्ण मानिन्छन् । उनकी छोरी **पञ्चमी घिमिरे** पनि चलचित्र क्षेत्रमा कलाकारका रूपमा डेब्यु गरेकी छिन् । निर्देशक घिमिरेलाई पञ्चमीले सिनेमा यात्रा र पारिवारिक प्रश्न गरेकी छिन् :*



● **तुलसी घिमिरे**, चलचित्र निर्देशक



● **पञ्चमी घिमिरे**, अभिनेत्री

तस्बिर : **दिपेन्द्र ढुंगाना**

■ पारिवारिक प्रसंग

मेरो अहिलेको उमेरमा तपाईं फिल्मबारे सोच्दै हुनुहुन्थ्यो कि, अरू केही ?

तिम्रो उमेरमा मेरो सपना फिल्म नै थियो । मेरो गुरुले एकदिन कक्षामा सोध्नुभयो, 'तिम्रो सपना के हो ?' अनायासै मेरो मुखबाट निस्कियो, 'म फिल्ममा काम गर्न चाहन्छु ।' मेरो कुरा सुनेर कक्षाका साथी हाँसे । कतिपयले 'तँ त धर्मेन्द्र बन्ने भइस्' भनेर जिस्क्याए पनि । मैले आमालाई सोध्थे, 'आमा, धर्मेन्द्र ह्यान्डसम कि म ?' तिम्रो हजुरआमाले सधैं भन्नुहुन्थ्यो, 'धर्मेन्द्रभन्दा तँ नै ह्यान्डसम छस् ।' त्यसले मलाई आत्मविश्वास दिन्थ्यो । म आफू ह्यान्डसम नै हुँ भन्ने लाग्थ्यो ।

कसरी सुरु गर्नुभयो फिल्मी करिअर ?

फिल्ममा काम गर्ने सपना छ भनेर कक्षामा त भनियो, तर बम्बई कसरी पुग्ने ? केही थाहा थिएन । कसै न कसैको माध्यमबाट त्यहाँ पुग्छु भन्ने विश्वास थियो । सिक्किमको 'रोमियो एन्ड सिक्किम' नामको फिल्म युनिटसँग भेट भयो । उनीहरूसँगै म बम्बई पुगेँ । निर्देशक बन्ने लक्ष्य लिएर गएको थिइनँ । काम सिक्न बम्बई पुगेको थिएँ । त्यसपछि मेरो फिल्मी यात्रा सुरु भयो ।

आमा (भारती घिमिरे) र तपाईंको भेट कसरी भयो ?

भारतीले 'कुसुमे रुमाल', 'बाँसुरी' र 'लाहुरे'मा पनि असिस्टेन्टको रूपमा काम गरेकी थिइन् । त्यतिवेला हाम्रो बिहे भइसकेको थिएन । पछि दुवै परिवारबाट पनि बिहेको कुरा अघि बढ्यो । मेरो उमेर पनि बढ्दै गएको थियो, त्यसैले 'अब बिहे गर्नुपर्छ' भन्ने भयो । तर, कोसँग बिहे गर्ने भन्ने भयो । बिहे एउटै फिल्डको मान्छेसँग गर्नुपर्छ भन्ने लाग्थ्यो । फिल्मबाहिरका मान्छेसँग बिहे गर्दा समस्या हुन सक्छ भन्ने लाग्थ्यो । रञ्जित दाइ (रञ्जित गजमेर)सँग पनि राम्रो सम्बन्ध थियो । हाम्रो पारिवारिक सम्बन्ध थियो । त्यसैक्रममा 'तुलसी र भारतीको बिहे गरिदिऊँ न' भन्ने कुरा आयो । बिस्तारै एक-अर्कालाई बुझ्न थाल्यौं र माया बस्दै गयो । मैले बिहेको कुरा राख्दा सुरुमा एक-दुई दिन केही बोलिनन् । पछि उनको जवाफ 'मलाई थाहा छैन, तर हुन्छ होला' भन्ने आयो । मलाई खासमा एकजना टेक्निसियन चाहिएको थियो । (हाँस्दै) टेक्निसियन नै श्रीमती भयो बेग्लै पैसा दिनु पनि परेन ।

फिल्म क्षेत्रमा लामो समय बिताउनुभयो । आफ्नो जीवनको सबैभन्दा ठुलो उपलब्धि के लाग्छ ?

मेरो आमाले सधैं आशीर्वाद दिनुहुन्थ्यो, 'राजाले चिन्ने र प्रजाले जान्ने मान्छे हुनु ।' सानै हुँदा त्यसको अर्थ खासै बुझ्दिनथेँ । पछि सोच्दा लाग्यो, फिल्म क्षेत्रमा गएपछि सायद त्यो सम्भव हुन्छ । राजाले पनि चिन्छ होला, प्रजाले पनि जान्छ होला । फिल्ममा काम गर्दै गएँ । एकपटक राजा ज्ञानेन्द्रबाट लाइफ टाइम एचिभमेन्ट अवार्ड लिन गएको थिएँ । दरबारमा कसरी बोल्ने, कसरी अघि बढ्ने भन्ने पनि थाहा थिएन । मलाई सिकाइयो, कसरी जाने, कसरी झुक्ने आदि कुराहरू । जब अवार्ड दिँदा राजाबाट केही प्रश्न आयो, तर म अलि अन्योलमा पर्ँे । हामी त सधैं 'सर' भन्ने बानी, तर त्यहाँ 'सरकार' भन्नुपर्थ्यो । मलाई त्यसवेला अलि कठिन भयो । अवार्ड थापेर बाहिर निस्केपछि पत्रकारले सोधे, 'कस्तो लाग्यो ?' मैले भनेँ, 'अरू केही होइन, मलाई उहाँले चिन्नुभयो, यही नै ठुलो कुरा हो ।' त्यसपछि मैले तुरुन्त आमालाई फोन गरेर भनेँ, 'आमा, आज मलाई राजाले चिन्नुभयो !' त्यो मेरो लागि अत्यन्त विशेष क्षण थियो । पैसा र सफलता आफ्नो ठाउँमा छन् । तर, आमाको आशीर्वाद पूरा भएको अनुभूति नै मेरो जीवनको सबैभन्दा ठुलो उपलब्धि हो ।

तपाईंको जीवनमा अब म सक्दिनँ भन्ने कठिन क्षण कहिले आयो ?

एउटा घटनाले सधैं बिझाइरहन्छ । यो घटना गढवाली फिल्म बनाउने ताका हो । मेरो लेखन, निर्देशन र सम्पादनमा त्यो फिल्म बन्दै थियो । सुटिङको अन्तिम दिन चलिरहेको थियो । घरबाट टेलिग्राममा खबर आयो, बुबा बित्नुभयो । त्यहीवेला सुटिङ छाडेको भए निर्माताको ठुलो नोक्सानी हुन्थ्यो । त्यसैले, मैले टेलिग्राम खल्तीमा राखेँ । चुपचाप दिनभरि सुटिङ गरिरहेँ । भोलिपल्ट गढवाल समाजले मलाई पहिलो गढवाली निर्देशक भनेर सम्मान गर्ने कार्यक्रम राखेको थियो । तर, बेलुका मैले सबैसँग माफी माग्दै भनेँ, 'म भोलि आउन सक्दिनँ । किनकि, मेरो बुबाको निधन भयो ।'

उनीहरू छक्क परे । उनीहरूले सोधे, 'टेलिग्राम कहिले आयो ?' मैले भनेँ, 'हिजो बिहानै आएको थियो ।' उनीहरूले भनेँ, 'त्यसैले त तिमी दिनभरि केही नखाई फलफूल मात्रै खाइरहेका थियौ !' त्यतिवेला प्लेनको टिकट तुरुन्तै पाउन सजिलो थिएन । म र मेरो भाइ (श्रवण घिमिरे) अर्को दिन बिहान ६ बजे ट्रेन चढेर घरतिर लाग्यौं । तीन दिनपछि कालिम्पोङ पुग्यौं । त्यो समय मेरा लागि अत्यन्त गाह्रो थियो । घरमा बुबाको पार्थिव शरीर थियो । म सुटिङमा व्यस्त थिएँ । सुटिङ सक्ने वेलासम्म पनि मैले सबै सट ठिक छ कि छैन भनेर असिस्टेन्टलाई चेक गर्न लगाइरहेँ । सबै ठिक भएपछि मात्र 'प्याकअप' गराएँ । बुबा साथीजस्तै हुनुहुन्थ्यो । त्यसैले, सुटिङ गर्दै गर्दा वेला-वेलामा उहाँको सम्झनाले झस्काउँथ्यो, मन भत्काउँथ्यो । त्यो घटना मेरो जीवनको सबैभन्दा पीडादायक क्षणमध्ये एक हो ।

जीवनको सबैभन्दा खुसीको क्षण ?

धेरै क्षण छन् । सबैभन्दा खुसी पहिलो छोरी जन्मिँदा भएको थिएँ । हस्पिटलमा पहिलोपटक म र रञ्जित दाइ गएका थियौं । डाक्टरले बेबी गर्ल भन्यो । हामी खुसी भयौं । डाक्टरले हामीलाई हेरिबसेछ । डाक्टरले 'आप लोग कौन जात के हैं ?' भनेर सोध्यो । उसले भन्यो, 'यो हस्पिटल सुरु भएको दिनदेखि छोरी जन्मिएको देख्दा यति खुसी भएको मान्छे कसैलाई देखेको थिइनँ ।' भारतमा पहिलोपटक छोरी जन्मिँदा त्यसवेला भनिन्थ्यो, 'कोइ वात नहीं, दुसरा लड्का होगा ।' त्यो क्षण जीवनको सबैभन्दा धेरै खुसी थिएँ ।

म जन्मिँदा तपाईं १० दिनसम्म पनि घरमा आउनुभएन रे ! त्यो दिन सम्झिँदा आज कुनै पछुतो लाग्छ ?

त्यतिवेला म इलाममा 'मितज्यू'को सुटिङमा थिएँ । सुटिङकै बिच तिमी जन्मिएको खबर आयो । ८०-९० जनाको ठुलो युनिट छाडेर तुरुन्त फर्किन सम्भव थिएन । त्यसैले, फोन गरेर 'म छिट्टै आउँछु' भनेँ । सन्तान जन्मिँदा छेउमै हुन सबैलाई इच्छा हुन्छ, मलाई पनि थियो । तर, त्यो अवस्थामा जिम्मेवारी ठुलो थियो, त्यसैले तत्काल घरमा आउन सकिनँ । सक्दो छिटो सुटिङ सकेर फर्किएँ । तिम्री दिदी जन्मिँदा भने म घरमै थिएँ, किनकि त्यतिवेला कामको चाप थिएन । तिमीलाई जन्मिनेबित्तिकै हेर्न नपाउँदा पछुतो त लाग्यो नि !





तपाईंले आफ्नो पूरै जीवन फिल्ममा बिताउनुभयो । यो उमेरमा पनि यही क्षेत्रमा सक्रिय हुनुहुन्छ । अहिले आफ्नै छोरीहरू तपाईंले रोजेको बाटोमा आइरहँदा केही कुरामा डर लाग्छ ?

जिन्दगीको बाटोमा जाली-फटाहा पनि भेटिन्छन् । यही अनुभवबाट बिस्तारै परिपक्वता आउँछ । तालीले मात्तिनुहुँदैन, गालीले आत्तिनुहुँदैन । मैले यो चरण फेस गरेको छु । जब यो अवस्था आउँछ, तब मात्रै मान्छेले जीवनका चुनौती सामना गर्न सक्छ । तर, तिमीहरूका हकमा भने एउटा मात्रै डर छ- तिमीहरूले प्रशंसा त पाउँछौ, तिमीहरूको कामलाई कसैले थुक्क नभनोस् भन्ने लाग्छ । तिमीहरूले पनि त्यस्तो काम नगर्नू, जसले गर्दा कसैले औंला उठाओस् । त्यसबाहेक अरू खास डर छैन । तिमीहरू सबै राम्रो संस्कारमा हुर्किएका छौ, सही बाटोमै छौ भन्ने विश्वास छ ।

तपाईंको फिल्मी जीवनमा सबैभन्दा बढी साथ कसले दियो ?

सबैभन्दा पहिला 'रञ्जित दाइ (रञ्जित गजमेर)लाई सम्झिन्छु । रञ्जित दाइले फस्ट स्टेपदेखि साथ दिनुभयो । अहिलेसम्म हामी साथै छौं ।

जीवनको संघर्षपूर्ण समय कुन थियो ?

बम्बईमा बिताएका दिन नै संघर्षमय थिए । पाँच सय रुपैयाँमा बम्बई पुगेँ । मलाई एकजना मान्छेले भनेको थियो, बम्बई आउने हो भने ५०० रुपैयाँ मात्र बोकेर आउनू । 'आई डोन्ट नो' किन भनेको थियो । ती दिनमा स्ट्रगल धेरै थियो । भाग्यवश साथीहरू राम्रो भेट्टाएँ । तीन-चार दिन भोकै पनि बसियो । कैयन् रात सुतिएन ।

■ फिल्म प्रसंग

फिल्ममा तपाईं पहिला पात्र सोच्नुहुन्छ कि कथा ?

सानो घटनालाई विस्तार गर्दै लगेर पूर्ण कथा बनाउँछु । मैले तिमीहरूलाई 'दर्पण छाया'को कथाको पृष्ठभूमि सुनाएको थिएँ । त्यो मेरो रियल स्टोरी थियो । त्यसमा 'तृष्णा' भन्ने पात्र ब्लाइन्ड थिइन्, त्यसलाई आधार बनाएर कथा निर्माण गरेँ । 'दक्षिणा'को कथा पनि यस्तै प्रकारले बनेको हो, त्यो मेरो गुरुको कथा हो । मेरा धेरै फिल्मका पात्र वास्तविक जीवनबाट प्रेरित छन् । जुन तिमीहरूलाई पनि थाहा छ । 'राते काइँला' कालिम्पोङकै पात्र हो । त्यसैले, फिल्मकर्मीले आँखा र कान सधैं खुला राख्नुपर्छ । वरिपरिका दृश्य मसिनो गरी नियाल्नुपर्छ ।

फिल्मको कथा कसरी छनोट गर्नुहुन्थ्यो ?

कुनै कथा दिमागमा आएपछि सबैभन्दा पहिले मेरो आमालाई सुनाउँथेँ । आमालाई कथा मन पऱ्यो भने 'कस्तो राम्रो कथा रहेछ' भन्नुहुन्थ्यो । आमालाई मन परेपछि त्यो कथामा काम अघि बढाउँथेँ । पन्च लाइन तयार पार्थेँ । बाटोमा हिँड्दै गर्दा कुनै रमाइलो क्यारेक्टर देखे उसलाई कथाभित्र समावेश गर्थेँ । 'दर्पण छाया'को कथा पनि मैले आमालाई नै सुनाएर फाइनल गरेको थिएँ । त्यो कथा आमालाई निकै मन परेको थियो ।

'दर्पण छाया'को स्क्रिप्ट फाइनल गर्दाको क्षण सुनाइदिनू न !

भारती (तिम्रो आमा) र मैले मिलेर स्क्रिप्ट लेख्यौं । यो फिल्मको क्लाइमेक्स भने अलि जटिल थियो, किनकि यो त्रिकोणात्मक प्रेमकथा हो । अन्तिममा केटी कसको साथमा जान्छे ? दुईजना केटामध्ये कसको मृत्यु हुन्छ ? यदि ब्लाइन्ड पात्रलाई मार्ने हो भने त्यो अन्यायजस्तो हुन्छ । त्यो पात्र झन् मायालु छ । त्यसैले उसलाई मार्नु उचित लागेन । दुईमध्ये कसलाई मार्ने भन्ने अन्योल पनि थियो । यही विषयमा छलफल चलिरहेको थियो । त्यही वेला भारतीले अचानक एउटा कुरा भनिन्, 'दुवै पात्रलाई मार्नु हुँदैन ।' अब केटीलाई कसरी मार्ने भन्ने कुरा आयो । सुरुमा विष खुवाएर मार्ने भन्ने सोच आयो । त्यसरी मृत्यु भएको देखाउनु हुँदैन भन्ने भयो । त्यसपछि कथामा नयाँ मोड थपियो । केटी पात्रलाई क्यान्सर भएको देखाइयो । यसरी भारती र मेरो छलफल र सहकार्यबाट कथाको अन्त्य तयार भएको थियो ।

तपाईंले निर्देशन गरेका फिल्ममा टप थ्री सेलेक्ट गर्दा कुन-कुन छान्नुहुन्छ ?

'दर्पण छाया' छान्छु । किनकि, त्यो मेरो आफ्नो स्टोरीमा बनेको फिल्म हो । अर्को दुईचाहिँ 'कुसुमे रुमाल' र 'दक्षिणा' छान्छु ।

आफ्ना फिल्मको समीक्षा गर्दा कुनचाहिँ कमजोर लाग्छ ?

'रहर' र 'दुई किनारा' अलि कमजोर लाग्छन् । समयभन्दा पहिले बनाएँ कि जस्तो लाग्छ । यी फिल्म सानो बजेटमा बनाउने कोसिस गरेको थिएँ । यी फिल्म बजेटअभावले भनेजस्तो बनाउन सकिनँ ।

लाहुरे, चिनो, दर्पण छायाजस्ता फिल्म बनाउने सपना अझै छ कि छैन ?

अहिले मार्केट राम्रो भएको छ । अब तीन-चार करोड रुपैयाँ लगानी गर्न सक्ने मार्केट भएको छ । केही सब्जेक्ट छन् माइन्डमा । हेल्थ वेल्थ ठिक रह्यो भने आई विल मेक । मेरो त्यो ड्रिम छ ।

मेरा साथीहरूले सोध्छन्, 'तिम्रो बुबाको फिल्ममा जहिले पनि कुनै न कुनै क्यारेक्टरको मृत्यु हुन्छ ।' यो मेरो पनि प्रश्न हो । किन यसो गर्नुहुन्छ ?

कुनै पनि समस्याको समाधान के कसरी गर्ने ? एउटा 'थटफुल' मोडमा छोडिदिनू भन्छ स्टोरीलाई । त्यो थटफुल मोड भनेकै कसैको नचाहँदा-नचाहँदैको मृत्यु हो । त्यो मृत्यु भयो भने मान्छेको थट त्यतापट्टि कुद्छ । 'किन मान्यो ? त्यो डाइरेक्टरले जानेन । त्यसलाई नमार्नुपर्ने ।' जब यी कुरा निस्किन्छन्, त्यो चाहिँ सक्सेस हो ।

तपाईंको आजसम्मका फिल्ममा महिला पात्र प्रमुख भूमिकामा छैनन् भन्ने सुनिन्छ । के यो सत्य हो ?

'लाहुरे'मा तृप्ति नाडकरको स्ट्रङ क्यारेक्टर छ । 'दक्षिणा'मा भारती घिमिरे धेरै स्ट्रङ क्यारेक्टर हो । 'दर्पण छाया'मा निरुता सिंह स्ट्रङ क्यारेक्टरमा छिन् । म नारी पात्रलाई ग्ल्यामराइज गर्ने, ग्लोरिफाई गर्नेभन्दा पनि स्टोरीलाई बराबर हिसाबले प्रस्तुत गर्छु । नारी पात्रलाई प्रमुख बनाएर कुनै दिन फिल्म बनाउँला । फिल्ममा ससाना पात्रले पनि आफ्नो ठाउँ बनाएको हुन्छ । मेरो फिल्म पुरुषप्रधान पनि छैन नारीप्रधान पनि छैन । मलाई भिलेनचाहिँ स्ट्रङ बनाउन मन लाग्छ ।

प्रस्तुति : **पवन बराइली**



छायामा उभयचर संरक्षण

प्रकृति



● पूजा पौडेल

उभयचर संरक्षण विश्वमै एउटा चुनौतीको विषय हो, वातावरण संरक्षणमा उभयचर वर्गमा पर्ने जीवलाई निकै कम प्राथमिकतामा राखिने गरिन्छ। उभयचर संरक्षणको विषयलाई हास्यव्यंग्यमा उडाइनेसमेत गरिन्छ, तर यो हाँसोमा उडाइने विषय भने पक्कै होइन।

मानवीय गतिविधिका कारण हाल विश्वमा विभिन्न वातावरणीय संकट देखा परेका छन्। जैविक विविधताको ह्रास यस्तै एक प्रमुख वातावरणीय संकट हो। जैविक विविधताका समग्र अवस्थामा परेको प्रभावको तुलनात्मक रूपमा विश्लेषण गर्दा मेरुदण्ड भएका जीवमध्ये उभयचरको अवस्था संकटग्रस्त छ, तर तिनीहरूको संरक्षणका लागि खासै पहल भएको पाइँदैन।

■ के हुन् उभयचर ?

जल र जमिन दुवैमा रहने गरी उदय भएका उभयचर विशिष्ट प्रकृतिका जीव हुन्। उभयचर मानिसभन्दा धेरै अगाडिदेखि पृथ्वीमा रहेका प्रजाति हुन्। तर, आज उभयचर मानिसका कारण नै लोप हुने अवस्थामा पुगेका छन्। उभयचर करिब ३६ देखि ३७ करोड वर्षपहिले उत्पत्ति भएका जीव हुन्।

पारिस्थितिक प्रणालीमा उभयचरको आफ्नै उल्लेखनीय भूमिका छ, जसले वातावरण सन्तुलन, खाद्यचक्र, पानीको गुणस्तर कायम गर्न र विभिन्न रोग, जस्तै- डेंगु, मलेरियाको नियन्त्रण गर्न अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। जुन हाम्रे स्वस्थ दैनिकीसँग आएर जोडिएको हुन्छ।

■ के छ उभयचरको अवस्था ?

विश्वभर उभयचरको नौ हजारभन्दा धेरै प्रजाति अभिलेख भएका छन्। प्रत्येक वर्ष १५० देखि १७० नयाँ प्रजाति रेकर्ड हुँदै भइरहेको पाइन्छ। जसमध्ये हालसम्म अभिलेख भएका प्रजातिमध्ये ४१ प्रतिशत उभयचर प्रजाति लोपोन्मुख सूचीमा छन्। जसले गर्दा उभयचर संरक्षणले प्राथमिकता पाउन अत्यावश्यक छ। नेपालमा मात्र ५७ भन्दा धेरै प्रजातिका उभयचर अभिलेख भएका छन्।

उभयचर संरक्षण विश्वमै एउटा चुनौतीको विषय हो, वातावरण संरक्षणमा उभयचर वर्गमा पर्ने जीवलाई निकै कम प्राथमिकतामा राखिने गरिन्छ। उभयचर संरक्षणको विषयलाई हास्यव्यंग्यमा उडाइनेसमेत गरिन्छ, तर यो हाँसोमा उडाइने विषय भने पक्कै होइन। मुख्यतः संरक्षण कार्य ठुला स्तनधारी वर्गमा पर्ने बाघ, गैंडा र हात्तीजस्ता प्रजाति प्राथमिकतामा राखेर नीति-नियम बनाइन्छन्। तर, आकारमा ठुला जीवको संरक्षणका लागि तयार पारिएको नियमले स-साना उभयचरको संरक्षण प्रभावकारी हुँदैन।

वर्तमान स्थिति नियाल्दा विशेषगरी मानव जातिको आवश्यकता परिपूर्ति र सहज जीवनयापन गर्नका लागि मात्रै वातावरणमा विशेष ध्यान दिइएको महसुस गर्न सकिन्छ। तर, वातावरण मानव जातिको मात्र नभई सम्पूर्ण जीवको साझा वासस्थान हो। वातावरणमा मानिससरह अरू प्रजातिले आफ्नो आवश्यकता व्यक्त गर्न नसक्नाले नै अन्य जीवमाथिको असरलाई बेवास्ता गरिएको छ।

कुनै पनि लोपोन्मुख प्रजातिको संरक्षण गर्न उक्त प्रजातिको वासस्थान, मुख्य जोखिम, प्रजातिको संख्या, वासस्थानले धेग्न सक्ने संख्या कति हो भन्ने जानकारी हुन आवश्यक हुन्छ। नेपालमा उभयचर संरक्षणमा निकै थोरै काम भएका छन्, जसको मुख्य कारण यसको संरक्षणलाई सरकारीस्तरबाट प्राथमिकतामा नराख्नु पनि हो। त्यसैले कुनै पनि प्रजाति संरक्षण गर्ने योजना तयार गर्दा वातावरणमा हुने सम्पूर्ण मेरुदण्ड भएका जीवजन्तु, जस्तै- माछा, चरा, उभयचर, सरीसृप र स्तनधारी प्राणी संलग्न गराइनु आवश्यक हुन्छ।

■ संरक्षण शिक्षाको अभाव

उभयचर संरक्षणको कुरा समुदायमा राख्नु नै पहिलो चुनौतीको विषय हुन्छ, किनभने उभयचर प्रजातिको संरक्षण गर्नुको आवश्यकतालाई ध्यानमा राखी स्थानीय समुदायमा कुनै किसिमको संरक्षण कार्यक्रम सञ्चालन भएकै छैनन्। जसको कारणले उक्त प्रजातिको वासस्थानको स्थिति र निरन्तर घटिरहेको संख्याको आकलन स्थानीय समुदायमा नभएको पाइन्छ।

जानेर वा नजानेर उभयचरका प्रजाति निरन्तर घट्दो क्रममा छन्, जसको मुख्य कारण हामी नै हौं। नेपालको पहाडी र हिमाली क्षेत्रमा पाहाको सिकार गर्ने प्रचलन प्रशस्त भेटिन्छ, जसको कारणले यी प्रजाति लोपोन्मुख सूचीमा परिसकेका छन्। यो स्थितिको जानकारी स्वयं स्थानीय समुदायमा पनि नभएको पाइन्छ। पाहा सिकार गरेर खानु कुनै गलत भने होइन, तर अत्यधिक संकलन, चेपागाडाको अत्यधिक खपतले गर्दा उक्त प्रजातिको अस्थित्व नै लोप भएर जाने जोखिम बढ्दो क्रममा छ।

मानवीय गतिविधिकै कारण कुनै पनि जीवको अस्थित्व नै संकटमा पर्नु भनेको सकारात्मक पक्ष कदापि मान्न सकिँदैन। नेपालमा सञ्चालन भइरहेको उभयचर संरक्षण कार्यक्रम दिगो रूपमा कार्यान्वयन गर्न पर्याप्त छैनन्। हालै चितवनमा सम्पन्न भएको परियोजनाअन्तर्गत गरिएको सर्वेक्षणमा केन्द्रित गरिएको माहाभारत टोरेन्ट भ्यागुता लोपोन्मुख प्रजातिमध्ये एक हो भनेर सम्पूर्ण उत्तरदाताका जानकारी नभएको पाइएको छ। जसले यो संकेत गर्छ कि वातावरणमा रहेका यस्ता लोपोन्मुख प्रजाति स्थानीय समुदायमा थाहा नहुँदै लोप हुने स्थितिमा रहेका छन्। यस सर्वेक्षण एक उदाहरण मात्र हो। बढ्दो मानवीय गतिविधिले गर्दा पर्यावरणमा रहेका निर्दोष प्रजातिमा पर्न गएको असरबारे समाज अझै बेखबर छ।

■ पाठ्यक्रमसँग जोडिएको उभयचर संरक्षण

हाम्रो विद्यालयस्तरको पाठ्यक्रममा खाद्यचक्रको अध्ययन गर्दा उभयचरको महत्त्वको विषयमा हामीले पढेका छौं। तर, सो प्रजातिको स्थिति कस्तो छ, संरक्षणका लागि के-कस्ता प्रयास भइरहेका छन् भन्ने कुरामा पर्याप्त ध्यान दिइएको पाइँदैन। त्यसैले, संरक्षणको आवश्यकताका विषय र कार्यक्रममा विद्यालयस्तरबाट नै विद्यार्थीलाई संलग्न गराउनाले विद्यार्थीको सोचाइ परिवर्तन गर्न मद्दत गर्छ, जसले गर्दा संरक्षण कार्य प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकिन्छ।

वातावरणको दिगो संरक्षण तब मात्र सम्भव हुन्छ, जब सम्पूर्ण जीवको बाँच्ने अधिकार सुनिश्चित गरेर संरक्षणको स्थायित्व कायम गरिन्छ। उभयचर संरक्षणका लागि स्थानीय समुदाय र विद्यार्थी वर्ग जागरुक हुन अत्यन्त जरुरी छ। यदि संरक्षणको महत्त्व, वातावरणीय स्थितिको ज्ञान स्थानीय समुदायमा पर्याप्त भए मात्र संरक्षण कार्य दिगो रूपमा कार्यान्वयन गर्न सकिन्छ। कुनै पनि खपत गरिने उभयचर प्रजातिको संकलन गर्ने समय हेरफेर गर्नेजस्तै प्रजनन समय, मुख्यतः वैशाख-जेठमा कम संकलन गर्ने, चेपागाडा नमार्ने, जसले गर्दा उक्त प्रजातिको संख्या सन्तुलनमा राख्न मद्दत पुग्छ, सो प्रजातिको अस्थित्व जोगाउन सकिन्छ। हामीले गरेको सानो परिवर्तनबाट नै उभयचर प्रजातिको संरक्षण सम्भव छ।

अघि बढ्दै महिला उद्यमी

महिला उद्यमीहरूले धेरै युवालाई रोजगारी दिएर समाजमा उदाहरणीय काम गरिरहेका छन्

उद्यम



● शान्ति तामाङ

काठमाडौं उपत्यकाका यी ५ महिला उद्यमी समाजको उदाहरण मात्रै हुन्। राष्ट्रिय तथ्यांक कार्यालयको आर्थिक गणनाअनुसार देशभर २ लाख ४७ हजार ८ सय ८० महिला उद्यमीले आफ्नै स्वामित्वमा व्यवसाय चलाइरहेका छन्। ५ लाखजनाले रोजगारी पाइरहेका छन्। यो कुल उद्यमीको २९.८ प्रतिशत हो।



सुकुमाया मोक्तान



कान्छी डोल्मा ह्योल्मो

नेपालको सन्दर्भमा महिलाहरूले व्यवसाय सुरु गर्दा पुँजी, सामाजिक दबाब र अवसरजस्ता चुनौती सामना गर्छन्। तर, यिनै बाधालाई पार गर्दै सहरमा केही महिला उद्यमशीलताको खुड्किलो उक्लिरहेका छन्। आत्मनिर्भर बनेर समाजमा नयाँ भाष्य निर्माण गरिरहेका छन्। आफू मात्रै होइन, अन्य धेरै युवालाई रोजगारी दिएर समाजमा उदाहरणीय काम गरिरहेका छन्। पछिल्लो समय महिला स्वामित्वका व्यवसायको संख्यामा वृद्धि हुन थालेको छ। अझै पनि कुल उद्यममध्ये सानो हिस्सा मात्र महिलाहरूले नेतृत्व गरिरहेका छन्।

यस्तैमध्ये हुन्, काठमाडौं बौद्धकी उद्यमी शर्मिला स्याङ्तान। उनको बौद्ध, फुलबारीमा इपिक क्याफे छ। सगरमाथा, मनास्लु, अन्नपूर्ण, ल्होत्से हिमालसमेत आरोहण गरेर आरोहीका रूपमा स्थापित शर्मिलाले केही समय ट्रेकिङ गाइडका रूपमा काम गरिन्। कोरोनाकालमा ट्रेकिङ अर्थात् पर्यटन क्षेत्रसमेत धराशयी भयो। त्यसपछि उनले व्यवसायतर्फ हात हाल्ने सोच बनाइन्। कफी बनाउने तालिम लिइन्। कोरोनाकै समयमा उनले करिब ६ वर्षअघि क्याफे खोलेर जोखिम लिइन्। कोरोनाकालमै जोखिम मोल्दा केही समय क्याफेको भाडा तिर्नसमेत उनलाई मुस्किल भयो।

'हस्पिटालिटी क्षेत्रमा अझै पनि गाह्रै छ। त्यसमाथि महिलाले चलाएको व्यवसाय भएकाले मलाई सुरुवाती दिनमा केही अप्ठ्यारो भयो,' उनी भन्छिन्, 'हस्पिटालिटीका कुरा भन्दा व्यक्तिगत कुरामा चासो राख्नेजस्ता अवस्था झेल्नुपऱ्यो। महिलाले चलाएको व्यवसाय भएकाले पुरुषहरूले नकारात्मक तरिकाले हेर्नेसमेत भयो। तर, अहिले यो क्षेत्रमा पनि परिवर्तन आउँदै छ।' उनले अहिले क्याफेमार्फत तीनजनालाई रोजगारी दिएकी छिन्। ३० जनाभन्दा धेरै युवा महिलालाई कफी बनाउने तालिम दिएर दक्षसमेत बनाएकी छिन्। कपनमा खाना र खाना खाने ठाउँ 'लन्ज हव'समेत खोलेकी छिन्। यही व्यवसायबाट घरपरिवार चलाउन सहज भएको छ। उनी आत्मनिर्भर भएकी छिन्। राजनीतिक रूपमा देश स्थिर नहुँदा उनीजस्ता उद्यमीले धेरै समस्या झेल्नुपरेको छ, उनको अनुभवले भन्छ। 'समस्या आउँछ। समाधान पनि हुन्छ। त्यसलाई जटिल रूपमा लिन्न। तर, पछिल्लो समय जेन-जी आन्दोलन, सरकार स्थायी नहुँदा मान्छेहरू बाहिर खान निस्किँदैनन्। त्यसले अलि गाह्रो बनाउँछ,' उनले भनिन्।

आफ्नो क्याफेको ग्राहक मध्यमवर्गका मानिस भएकाले राजनीतिक रूपमा स्थिर सरकार भएमा आफूजस्ता उद्यमीलाई सहज हुने उनी बताउँछिन्।

कान्छी डोल्मा ह्योल्मो पनि सगरमाथा आरोही हुन्। आरोहीका रूपमा पहिचान बनाएकी ह्योल्मोले पनि कफी बनाउन सिकाउने बारिष्टा स्कुल सञ्चालनमा ल्याएकी छिन्। उनको 'ह्योल्मो बारिष्टा ब्रिअ एकेडेमी' काठमाडौंको ढल्लोमा रहेको छ। एकेडेमीले कफी बनाउने तालिम प्रदान गर्दै आएको छ।

दुई वर्षअघि सञ्चालनमा आएको यो एकेडेमीले अहिलेसम्म एक सय ५० जनालाई तालिम दिइसकेको छ। उनीसहित तीनजनाले एकेडेमीमा तालिम दिइरहेका छन्। 'पहिलादेखि नै क्याफे खोल्न मन थियो। क्याफेसम्बन्धी काम गर्न मन थियो। त्यही भएर यो एकेडेमी खोलेकी हुँ,' उनले भनिन्,

साप्ताहिक राशिफल

१२ वैशाख ०८३ (शनिबार)
१८ वैशाख ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको सुरुमा घरेलु समस्याले रोग लाग्ने, शत्रु बढ्ने हुँदा काममा उतारचढाव आउने योग छ। सोचेका काम धेरै पूरा हुनेछैनन् काम संयम भएर गर्नुपर्ला। लेनदेनमा अघि नसर्नु नै राम्रो होला। विनाकारण दुःख पाउने समय छ। पराक्रमको आडमा अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग भए पनि संयमता अपनाउनुपर्ला। सानो भूलको पनि परिणाम ठुलो हुन सक्छ गोपनीयता अपनाउनु वेश हुनेछ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साता राम्रो छ। सुरुमा जोश र जाँगर बढ्नेछ भने आँटेका काममा सजिलै सफलता हासिल गर्न सकिनेछ। यात्रा गर्ने अवसर मिले पनि विवादको सामना धेरै गर्नुपर्ला। अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ। दाम मनग्ये कमाउने अवसर मिल्ने योग छ। घरेलु काममा सफलता मिल्नेछैन। शत्रु पराजय हुनेछन्। बिहीबार घरेलु समस्याले सताउनुको साथै स्वास्थ्यमा बाधा आउनेछ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

यो साता समय मध्यम रहनेछ। सुरुमा विवाद र चिन्ताले सताउँदा काम रोकिनेछन्। कुरा काट्नेहरूले मौका हेरेर फसाउने प्रयत्न गर्नेछन्। परिवार पनि विनाकारण टाढिनेछन्। बिहीबारदेखि पराक्रम बढ्नुका साथै काममा सफलता मिल्ने, यात्रा तथा व्यापारमा लाभ हुनुको साथै भेटघाटले प्रसन्नता बढ्नेछ। नयाँ काम पाउने सम्भावना प्रशस्त देखिन्छ। राज्यबाट सम्मान पाउने योग रहेको छ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सामाजिक कार्यमा संलग्न हुँदा ठुला व्यक्तिसँग मित्रता बढ्ने आम्दानी बढ्ने माध्यम अरूबाट हुन गई प्रसन्नता बढ्नेछ। पराक्रम बढ्नुको साथै अधुरा काम बन्ने र नयाँ काममा सोचेजस्तै सफलता मिल्ने योग रहेको छ। यात्रा गर्ने अवसर मिल्नेछ। धनआर्जन पनि राम्रै हुनेछ, धेरैले भरोसा गर्ने योग छ। परिवारबाट आलोचित हुनुपर्ने छ। संयम अपनाउनु राम्रो हुनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साता राम्रो भए पनि सुरुमा खर्च बढ्ने, विवाद बढ्ने काममा अवरोध आउने र मनमा चिन्ता बढ्ने योग छ। झुटा आरोप लगाउने प्रयास पनि धेरै हुन्छ। आइतबारदेखि भोजभतेरमा संलग्न भई अन्तर्क्रिया गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्नेछ। सोच्ने शक्ति बढ्नेछ। धन मनग्ये कमाउने अवसर मिल्नेछ। अरूको विश्वास आफूतिर बढाउन पनि सकिनेछ। घरजग्गा जोड्ने समय छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साताको सुरुमा धन मनग्ये कमाउने अवसर मिल्नेछ। पढाइमा सफलता पाउने योग कायमै छ। नाम कमाउने अवसर पनि मिल्नेछ। काममा सुधार आउनेछ। अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुको साथै अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ। गोपनीयता अपनाउँदा सोचेका कुरा धेरै पूरा हुनेछन्। काट्नेहरू बढ्ने योग भएकाले संयमता अपनाउनुहोला।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

ग्रहगोचर राम्रो छ। प्रशंसनीय कार्य गर्ने अवसर पनि मिल्नेछ। भेटघाटमा अरूबाट हुने प्रशंसाले खुसी हुने योग छ। भाग्यले साथ नदिए पनि कर्म बलिया भएकाले गरेका कामबाट आमदानीको स्रोतहरू प्रशस्त प्राप्त हुनेछन्। आत्मविश्वास बढ्ने भयकाले ठुला व्यक्तिसित अन्तर्क्रिया हुने र उनीहरूबाट सम्मान पाउने योग रहेको छ। आँटेका काम पूरा हुनेछन्। मन शान्त रहनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको सुरुमा नैराश्यता र उदासीनता बढ्नुको साथै धार्मिक कार्यमा संलग्न हुँदा अपजस पाउने योग रहेको छ। आइतबारदेखि पढाइमा राम्रो सफलता अलि कसरत गर्नुपर्ला। व्यापारमा गरेका प्रयास फलदायी रहनेछन्। धन मनग्ये कमाउने अवसर मिल्नेछ। सभासम्मेलनमा संलग्न भई अन्तर्क्रिया गर्ने अवसर पनि पाउनुहोला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको सुरुमा स्वास्थ्य कमजोर हुनुको साथै शरीरमा आलस्यता र काममा बाधा आउने योग रहेको छ। मन अशान्त हुने र निर्णयको अभावले काम बिग्रन सक्ने भएकाले महत्त्वपुर्ण काम गर्दा विचार पुऱ्याउनु उचित हुनेछ। बिहीबारदेखि धार्मिक र सामाजिक कार्यमा संलग्न हुने योग रहेको छ। ठुला व्यक्तिबाट मानसम्मान पाउने र परिश्रमबाट काममा सफलता मिल्नेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा व्यवसायबाट मनग्ये आम्दानी हुने योग रहेको छ। यात्रामा हुने भेटघाटले अरूबाट मानसम्मान पाउने योग छ। पराक्रम बढ्नुका साथै गरेका काममा सफलता पनि मिल्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। ठुला व्यक्तिसित अन्तरसंवाद गरेर अघि बढ्ने प्रेरणा प्राप्त होला। पढाइमा सोचेभन्दा बढी सफलता मिल्नेछ। वैदेशिक कार्य सोचेभन्दा राम्रोसँग अघि बढ्नेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

बोलीको प्रभाव बढ्ने क्रम यथावत् रहनेछ। ठुला व्यक्तिसितको अन्तरसंवादले मनोबल बढाउनेछ। पैसा मनग्ये कमाउने अवसर मिल्नेछ। व्यापारमा लाभ मिल्ने योग रहेको छ। भाग्यले साथ दिनेछ। बुधबार र वृहस्पतिबार शत्रु बढ्ने, मन अशान्त रहने, आर्थिक संकट आउनेछ। आर्थिक कारोबारमा अघि नबढ्नु उचित हुनेछ। विश्वास गरेकाले नै धोका दिन सक्ने भएकाले संयम हुनुहोला।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

व्यापारमा लाभ हुनुको साथै धार्मिक कार्यमा रुचि बढ्ने, भाग्यले साथ दिने हुँदा मनोबल पनि बढ्नेछ। यात्रा गर्ने अवसर पनि मिल्नेछ। मानसम्मान पनि पाउनुहोला। आफन्तहरूको उचित सहयोग पाउनुहोला। पढाइमा राम्रै सफलता मिल्नेछ। अरूको मन जित्न सकिनेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। ठुला व्यक्तिको विश्वासको पात्र भई अगाडि बढ्ने योग रहेको छ।

स्वास्थ्य



● डा. अनिल ओझा
बालविकासविज्ञ

बालबालिकाको जीवनमा छुट्टी केवल रमाइलो र आराम गर्ने समय मात्र होइन, सिकाइ, खोज र विकासको महत्त्वपूर्ण अवसर पनि हो। अभिभावकहरू प्रायः आफ्ना सन्तानलाई खुसी, आत्मनिर्भर र सफल बनाउने सपना देख्छन्। तर, त्यो कसरी सम्भव हुन्छ ? बाल विकास सन्तुलित वातावरण, सही मार्गदर्शनबाट हुन्छ।

बालबालिकाले जीवनका महत्त्वपूर्ण सीप, जस्तै टिमवर्क, आत्मविश्वास र प्रतिबद्धता, किताबबाट मात्र सिक्दैनन्। उनीहरूले आफ्नो वरपरको वातावरण, खेलकुद, साथीभाइ, परिवार र सामाजिक सञ्जालबाट सिक्दै जान्छन्। बालबालिकालाई सिकाउन खोज्नेभन्दा उनीहरूलाई अनुभव गराउन दिनु धेरै प्रभावकारी हुन्छ।

बच्चाहरूको शारीरिक विकासका लागि धेरै ग्याजेट चलाउनुभन्दा उनीहरूलाई बाहिरी गतिविधिमा सहभागी गराउनु उपयुक्त हुन्छ। विशेषगरी, खुला मैदानमा खेलिने विभिन्न खेलकुदमा उनीहरूको सहभागिता बढाउनु



शर्मिला स्याङ्तान



इन्दिरा राई



उर्मिला जधारी

'एकेडेमी खोल्नकै लागि मैले सिटिइभिटीबाट तालिमसमेत लिएँ ।'

उनको एकेडेमीमा धेरैजसो वैदेशिक रोजगारमा जान र आफैं केही गरौं भन्ने हुटहुटी भएका युवा तालिम लिन आउँछन् । उनले सस्तो र गुणस्तरीय तालिम प्रदान गर्नका लागि शुल्क पनि त्यहीअनुसार राखेकी छिन् । उनको एकेडेमीले सुरुका दिनमा १० हजार शुल्क लिएर तालिम प्रदान गर्थ्यो । महँगी बढेसँगै उनले शुल्क रकम १५ हजार पुऱ्याएकी छिन् । 'सुरुवाती दिनमा सबैतिर आफैं दौडधुप गर्नुपरेकाले केही चुनौती देखिएको थियो । तर, जस्तो अवस्था आए पनि गर्छु भन्ने भएकाले हरेस नखाई अगाडि बढैं,' उनी भन्छिन्, 'अब अर्को ठाउँमा पनि यस्तै तालिम केन्द्र खोल्ने योजना बनाएकी छु ।'

अर्गानिक खानेकुरा अनलाइनबाट बिक्री गर्न थालेकी इन्दिरा राईले अरू चारजनासँग मिलेर ललितपुरको सातदोबाटोमा 'गाउँ-सहर सामूहिक महिला उद्यम पसल' खोलेकी छिन् । पाँचजनाको दश लाख पुँजीबाट सुरु भएको यो पसल गत साउनबाट सुरु भएको हो । उनीहरूको यो पसलमा गाउँघरका अर्गानिक खाद्यान्न, स्थानीय उत्पादन पाइन्छ । उनीहरूको यो पसलमा कर्णालीको जुम्ला, सुदूरपश्चिमको दार्जुलालगायत धेरै जिल्लामा उत्पादन हुने रैथाने खाद्यान्न उपलब्ध हुन्छ । उनीहरूले गेडागुडी, खाद्यान्नलगायत सामग्री विभिन्न जिल्लाका महिला समूह, कृषक समूह, सहकारीसँग सहकार्य गरेर ल्याउँछन् । ती सामानमा करिब दश प्रतिशतजति मुनाफा राखेर बिक्री गरिरहेका छन् । यसबाहेक उनीहरूको समूहले टिमुरको अचार, छोप, मस्यौरा, हर्बल साबुन पनि बनाएर बिक्री गर्छ ।

उनीहरूको टोलीले १४ जनालाई रोजगारी दिएको छ । यही व्यवसायलाई फैलाउन उनी नयाँ ढंगले काम पनि गरिरहेका छन् । 'हामी अहिले नाफाभन्दा व्यवसाय स्थापित गर्नतर्फ लागेका छौं,' उनी भन्छिन्, 'बिस्तारै व्यवसायमा विविधीकरण गर्ने, रैथाने उत्पादन थप्दै जाने, रैथाने बालीलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेका छौं ।' मुख्य सडकभन्दा भित्र उनीहरूको पसल भएकाले सोचेजस्तो व्यापार गर्न नसकिएको बताउँछिन् । 'सातदोबाटोबाट केही भित्र भएकाले सोचेजस्तो व्यापार चलेको छैन । मुख्य सडकमै पसल राख्न पनि भाडा महँगो छ । पछिल्लो समय विषादीरहित अर्गानिक खाद्यान्नको खोजी हुने क्रम बढेकाले एकपटक आउने उपभोक्ता पटक-पटक आउन थालेका छन् ।'

■ कलेज पढाउँदै क्याफे चलाउँदै

उर्मिला जधारीले भूकम्पलगत्तै कफी सप सुरु गरिन् । प्लस टु पढ्दै गर्दा नै ट्रेकिङ कम्पनीमा काम गर्न थालेकी उनले पढ्दै काम थालिन् । ट्रेकिङ कम्पनीमा काम गर्दै गर्दा उनलाई लाग्यो, अब आफैं केही गर्नुपर्छ । रोजगारी सिर्जना गर्नुपर्छ । रोजगारी सिर्जना गर्ने हुटहुटीका कारण उनले भक्तपुर दरबार क्षेत्रभित्र 'कफी इन स्टाइल' नामको कफी सप खोलिन् ।

सुरुवाती दिनमा पर्यटकलाई केन्द्रमा राखेर कफी सप खोलेकी उनलाई भूकम्प, कोरोनाका कारण टिक्नै मुस्किल भयो । तर, हार खाइनन् । अहिले उनी बिस्तारै अघि बढ्न थालेकी छिन् । बिहान कलेजमा प्लस टुका विद्यार्थीलाई पढाउँछिन् । दिनभर यही कफी सपमा आफैं पनि काम गर्छिन् । चारजना महिला युवालाई रोजगारी दिएकी छिन् । कफी सपको भाडा तिरेर घर परिवार चलाइरहेकी छिन् । थोरै पुँजीबाट सुरु भएको उनको कफी सपमा अहिलेसम्म ३० लाख लगानी भइसकेको छ । उनले कफी सपमा विभिन्न फास्ट फुड पनि बेच्न थालेकी छिन् । ट्राभल एजेन्सी पनि सँगै चलाइरहेकी छिन् ।

'रोजगार सिर्जना गर्नका लागि नै मैले यो कफी सप खोलेकी हुँ,' उनले भनिन्, 'भूकम्प, कोरोनाले गर्दा बिचमा टिक्नै गाह्रो भयो । म पूर्ण तयारीका साथ व्यवसायमा लागेकाले धेरै गाह्रो भएन ।' उनका अनुसार भक्तपुर दरबार क्षेत्रको भित्री भागमा रहेकाले व्यवसाय सोचेजस्तो चल्न सकेको छैन । तैपनि, उनलाई यही व्यवसाय फैलाउन मन छ । 'केटीकेटी भएकाले राति आठ बजे नै कफी सप बन्द गर्नुपर्छ । मेरो आफ्नै कफी सप भए पनि काम गर्ने बहिनीहरूसँगै काम गर्छु,' उनले भनिन् ।

थुप्रै व्यवसायमा हात हालेर सफल भएकी सुकुमाया मोक्तानले होटेल व्यवसाय सुरु गरेकी छिन् । उनी तामाङ चलचित्र क्षेत्रको कुनै समयकी चर्चित अभिनेत्री र निर्माता पनि हुन् । उनले बौद्धको नयाँ बस्तीमा 'होटेल क्लाउड नाइन गार्डेन' सञ्चालनमा ल्याएकी छिन् । गत वर्ष मात्र सञ्चालनमा आएको यो होटेलले हाल २३ जनालाई रोजगारी दिएको छ । यो होटेलमा उनले एक करोड ६० लाख लगानी गरेकी छिन् ।

'धेरै क्षेत्रमा काम गरे पनि पहिलेदेखि नै हस्पिटालिटी सेक्टरमा काम गर्ने इच्छा थियो,' उनी भन्छिन्, 'त्यही वेला एकजना साथीले होटेल बेच्ने भनेपछि किनेर चलाउन थालें ।' घाटामा रहेको यो होटेललाई उनले नाफामा लगिसकेकी छिन् । अरू ठाउँमा पनि होटेल खोल्ने योजना बनाउन थालेकी छिन् । 'सुरुवाती दिनमा छोरी मान्छेको होटेल भनेर होटेलको बारमा धेरै समय बसिदिने, उधारो खाइदिनेजस्ता समस्या भयो । तर, अहिले मलाई यहाँका स्थानीयले सहयोग गर्न थाल्नुभएको छ । व्यवसाय पनि राम्रो भइरहेको छ,' उनले भनिन् ।

काठमाडौं उपत्यकाका यी पाँच महिला उद्यमी समाजका उदाहरण हुन् । विभिन्न समस्याका बाबजुद उनीहरू अघि बढिरहेका छन् । उनीहरू एक्लै अघि बढिरहेका छैनन्, अन्य कैयनलाई रोजगार पनि दिइरहेका छन् ।

बालबालिकालाई छुट्टीमा के सिकाउने ?

आवश्यक छ । जस्तै- स्विमिङ, फुटबल, टेबलटेनिसलगायत शारीरिक खेलमा संलग्न गराउँदा बच्चाहरूको शारीरिक विकासमा सकारात्मक प्रभाव पर्छ । उदाहरणका लागि, समूहमा खेल्दा उनीहरूले सहकार्य, नियमको पालना र हारजितलाई स्वीकार गर्ने बानी विकास गर्छन् । यस्ता साना अनुभवले नै उनीहरूको व्यक्तित्व निर्माण गर्छ ।

केही इन्डोर खेल पनि उपयोगी हुन्छन्, जसले बच्चाहरूको मानसिक विकासमा सहयोग गर्छ । यस्ता खेलले उनीहरूको सोच्ने क्षमता, ध्यान र सिर्जनशीलता बढाउन मद्दत पुग्छ । बच्चाहरूको ह्यान्ड स्किल्स (हातको सीप) विकास गर्न लेख्ने अभ्यास गराउने, चित्र कोर्ने (पेन्टिङ) जस्ता क्रियाकलापमा सहभागी गराउनु पनि महत्त्वपूर्ण हुन्छ । यस्ता गतिविधिले उनीहरूको समग्र शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउँछ ।

मानसिक विकासका लागि पढाइ-लेखाइमा पनि ध्यान दिनुपर्छ । कथा-किताब पढ्ने, विभिन्न माइन्ड गेम खेल्ने जस्ता गतिविधि उपयोगी हुन्छन् । समग्रमा, बच्चाहरूको सन्तुलित विकासका लागि आउटडोर गतिविधिमा बढी संलग्न गराउने, खेलकुदमा सहभागी गराउने र घरभित्र पनि सिर्जनात्मक तथा बौद्धिक गतिविधिमा जोड दिनु आवश्यक छ ।

■ डिजिटल दुनियाँ : जोखिम कि अवसर ?

आजको समय डिजिटल दुनियाँबाट टाढा रहन सम्भव छैन । मोबाइल, टिभी, भिडियो गेम, सामाजिक सञ्जाल, यी सबै बालबालिकाको दैनिक जीवनको हिस्सा बनिसकेका छन् ।



तर, यसको अत्यधिक प्रयोगले शारीरिक र मानसिक समस्या निम्त्याउन सक्छ । डिजिटल उपकरणलाई पूर्ण रूपमा निषेध गर्नुभन्दा त्यसको सही प्रयोग सिकाउनु जरुरी छ । मोबाइल वा स्क्रिनको प्रयोग पूर्ण रूपमा बन्द गर्नु आवश्यक नभए पनि त्यसलाई सीमित राख्दै ज्ञानवर्द्धक सामग्री हेर्ने बानी बसाल्नु राम्रो हुन्छ ।

निश्चित समय तोकेर मात्र मोबाइल वा टिभी प्रयोग गर्न दिने, सामग्री छनोटमा ध्यान दिने र शैक्षिक, सिर्जनात्मक र प्रेरणादायी सामग्रीतर्फ ध्यान मोड्नुपर्छ । डिजिटल प्रयोगपछि अन्य गतिविधिमा सहभागी गराउनुपर्छ । यसरी सन्तुलित प्रयोगले बालबालिकालाई डिजिटल दुनियाँको सकारात्मक पक्षबाट लाभ उठाउन मद्दत गर्छ ।

युट्युब, फेसबुक वा इन्स्टाग्रामजस्ता प्लेटफर्मलाई केवल समय खेर फाल्ने माध्यमका रूपमा मात्र हेर्नु गलत हुन्छ । सही प्रयोग गर्दा यी प्लेटफर्म सिकाइ र प्रेरणाको स्रोत बन्न सक्छन् । अभिभावकले राम्रो, सिर्जनात्मक र ज्ञानवर्द्धक सामग्री बालबालिकासँग सेयर गर्नुपर्छ । यसले उनीहरूमा सकारात्मक सामग्री खोज्ने बानी विकास गर्छ ।

शारीरिक गतिविधिमा सक्रिय गराउनुपर्छ । दौड, खेलकुद, साइक्लिङ, पौडीजस्ता गतिविधिले बालबालिकाको शारीरिक विकासलाई मजबुत बनाउँछ । चित्रकला, संगीत, नाटक, हस्तकलाजस्ता गतिविधिले उनीहरूको कल्पनाशक्ति र सिर्जनशीलता बढाउँछ ।

कथा, चित्र पुस्तक वा जानकारीमूलक सामग्री पढ्दा भाषा र सोच्ने क्षमता विकास हुन्छ । सामाजिक सञ्जालले बालिबालिकालाई एकलकाँटे बनाएको छ । त्यसैले आफन्त भेटघाट, सामूहिक खेल वा यात्राले सामाजिक व्यवहार सिकाउँछ ।

विभिन्न संस्कृतिका कथा, वृत्तचित्र वा फिल्म हेर्दा बालबालिकाको सोच विस्तार हुन्छ । उनीहरूले फरक जीवनशैली, मान्यता र अनुभवबारे बुझ्न थाल्छन् । बालबालिकालाई विविध अनुभवसँग परिचित गराउनु उनीहरूको मानसिक विकासका लागि अत्यन्त आवश्यक छ ।

बालबालिकाको छुट्टीको समय केवल फुर्सद होइन, भविष्य निर्माणको अवसर पनि हो । सही वातावरणले उनीहरूको शारीरिक तथा मानसिक विकासमा ठुलो भूमिका खेल्छ । अभिभावकको भूमिका यहाँ निर्णायक हुन्छ । निर्देशन दिनु मात्र होइन, सँगै समय बिताउनु, बुझ्नु र प्रेरित गर्नु अझ महत्त्वपूर्ण हुन्छ ।

गोसाईंकुण्डको साहसिक यात्रा



पवित्र धार्मिकस्थल गोसाईंकुण्डका बारेमा धेरै पहिलेदेखि सुन्दै आएको भए पनि प्रत्यक्ष अनुभव गर्ने मौका जुरेको थिएन । संस्कृति, प्रकृति र अध्यात्म एकैसाथ भेट्न सकिने यस दिव्य स्थानमा यो वर्षको अनिवार्य बिदाको समय सदुपयोग गर्ने कार्यक्रम बन्यो । एकातर्फ धार्मिक उद्देश्य अर्कोतर्फ दैनिक कार्यबाट बिल्कुलै अलग र खुला परिवेशमा यी चार दिनमा अलौकिक शान्ति र साहसिक यात्रा अनुभूति गर्न पाइयो ।

प्रसंग गोसाईंकुण्ड यात्राको हो । लाङटाङ हिमालको काखमा लाङटाङ राष्ट्रिय निकुञ्जभित्र पर्ने पदयात्रासहितको यो एउटा पवित्र तीर्थस्थल हो । समुद्र सतहबाट करिब ४३८० मिटर उचाइमा रहेको यो कुण्ड धार्मिक, सांस्कृतिक र प्राकृतिक सौन्दर्यको एउटा अद्भूत संगम रहेछ । यहाँ एकपटक मात्र स्नान गर्दा पनि जीवनमा जान-अन्जानमा गरेका पापहरू नष्ट हुने र आत्मा शुद्ध हुने जनविश्वास रहेको छ । भगवान शिवजीसँग जोडिएको यो तीर्थस्थल कैलाश-पर्वतपछिको दोस्रो महत्त्वपूर्ण धार्मिक गन्तव्य मानिन्छ । प्राचीन कथाअनुसार समुद्र मन्थनपछि निस्किएको कालकुट विष पिएर छटपटिएका भगवान् शिवले यसै स्थानमा रहेको हिमालमा त्रिशूल प्रहार गरी पानी निकाल्दा पानीका धाराहरू उत्पत्ति भएको, जसलाई अहिले त्रिशूलधारा भनिन्छ । यही धाराको पानीबाट गोसाईंकुण्डको उत्पत्ति भएको मानिन्छ ।

भर्खरै चिसो सकिन लागेको चैतको दोस्रो हप्ता भ्रमण पदयात्राको समय निस्केको थियो । त्यहाँ जाने रुट, बस्ने स्थान, मौसमलगायतका विषयमा विदुर भाइसँग सल्लाह गरी सोहीबमोजिमका कार्यक्रम बनाएका थियौं । हिमाली पदयात्रा अल्टिच्युड लाग्न सक्नेतर्फ सचेत रहँदै आवश्यक सबै सामान अघिल्लो दिन व्यवस्थापन गरेका थियौं ।

पहिलो दिन हामी (श्रीमतीजी र म) बिहान ६ बजे नै घर (कीर्तिपुर) बाट निस्कियौं । बिहान करिब १० बजे त्रिशूलीको ढुंगेमा खाजा खान रोकियौं । करिब १२ बज्दै थियो खाना खानका लागि फेरि धुन्चे पुगेर गाडी रोकियो । खासमा धुन्चेबाट गोसाईंकुण्ड जाने दुईवटा बाटो रहेछ । पहिलो बाटोबाट धुन्चे, घट्टेखोला, देउराली, चन्दनबारी, सोलाङपाटी हुँदै र दोस्रो बाटो धुन्चे, स्याफ्रुबेंसी, ठुलो स्याफ्रु, मूलखर्क, सोलाङपाटी हुँदैजाने रहेछ । दुवैबाट सोलाङपाटीमा पुगेपछिको बाँकी बाटो भने एउटै रहेछ । हामीले पहिलो रुटबाट जाने र दोस्रो रुटबाट फर्कने विचार गऱ्यौं । हामीलाई धुन्चेदेखि स्याफ्रुबेंसीसम्मको बाटोमा विवेक तिवारी भाइले साथ दिएका थिए ।

हामी ५:३० बजेतिर ठुलो स्याफ्रुमा पुग्यौं । इभिनिङ वाक् गर्दै ठुलो स्याफ्रु बजार परिक्रमातर्फ लाग्यौं । साँझको घमाइलोमा छर्लंग देखिएका चाँदीजस्ता हिमालको प्राकृतिक वातावरणमा हामीलाई फोटो खिच्नकै लागि मात्र मौसम खुलेको अभूतपूर्व अनुभुति हामीले गऱ्यौं । राति पनि हिउँ परेकोरहेछ । चिसो धेरै बढेकाले हामीलाई अल्टिच्युड लाग्छ कि भन्ने डर लागेको थियो ।

बिहान ५:३० मा नै उठेर हलुका ब्रेकफास्ट सुक्खारोटी र तरकारी खाएर ६:०० बजे नै मूलखर्कतिरको उकालो पदयात्रा सुरु भयो । हामी बिस्तारै उकालो बाटो, घाम लागेको घमाइलो मौसम, बाटोभरि हिउँ नै हिउँ पार गर्दै मूलखर्क पुग्यौं । त्यो ठाउँमा हामीजस्तै झन्डै १२ जनाजति कोरियन नागरिकहरू यात्रारत भेटिए । जति हामी उकालोतर्फ बाटो चढ्दै जान्छौं, त्यति अर्कोतर्फ नै बाक्लो हिउँले गर्दा यात्रा अझ रोमाञ्चक, नयाँ अनुभूति र थप चिसोले श्वास फेर्दा अलिक अप्ठ्यारोसमेत हुँदै गएको थियो । माथिपट्टि लाङटाङ हिमाली रेन्ज पूरै चाँदीजस्तै चम्किरहेको देख्दा सबैकुरा बिर्सेर यात्रा थप रोमाञ्चक बन्दै गएको थियो । उकालो चढ्दै जाँदा करिब दुई बजेतिर हामी सोलाङपाटी (३६५० मिटरको उचाइमा) पुग्यौं, जहाँ हामीले बिहानको खाना खाने कार्यक्रम राखेका थियौं । हामीले यहाँ खाना खायौं । प्रतिव्यक्ति रु. ५०० मात्रमा दिउँसोको खाना खायौं । यो पदयात्रा मार्गमा खाना, खाजा, चिया होटेल रेट भनेर गोसाईंकुण्ड पदयात्रा समितिले तोकेको हुनेरहेछ । जति उकालो गयो खाना र होटेलको रेट महँगो हुँदै जाने र रेटचाहिँ समितिले तोकेबमोजिम नै हुने हुँदा ठगिनु नपर्नेरहेछ । खाना खाएर सोलाङपाटीमा एक घण्टा आराम गरेर बसेपछि पानी पर्न पनि कम भयो अनि हामी पनि लौरी विनायकतर्फ ठाडो उकालो लाग्यौं ।

करिब ६ बजे हामी लौरी विनायक ४००० मिटर उचाइको होटेलमा पुग्दा अलिक हलुका महसुस गऱ्यौं । जुत्ताभित्र हिउँ छिरेकाले त्यो पल्लेर मोजाभित्र पानी थियो । होटेलमा पुगी पहिला जुत्तामोजा खोलेर आगोमा खुट्टा तताऱ्यौं । कोरियनहरूले उनीहरूको एकजना साथीलाई लेक लागेको कारण गोसाईंकुण्ड नजाने निर्णय गरे । त्यसपछि हामीलाई जाने कि नजाने भन्ने चुनौती बढ्यो । यता श्रीमतीजीलाई पनि हल्का अल्टिच्युड लक्षणजस्तै देखिएको थियो । अनि हामी पनि भोलि गोसाईंकुण्ड नगई यहींबाट फर्कने कि भन्ने सल्लाह गर्दागर्दै अत्यधिक थकाइ र चिसोको कारण भुसुक्कै निदाइएछ । राति दुई बजे ब्युँझिँदा त बाहिर अत्यधिक हावाहुरीसहितको चिसोको अनुभव भयो । जेनतेन बिहान उज्यालो भयो, बिहानपख ६ बजेतिर हिमाली रेन्जमा घामको ज्योति पर्दा पूरै हिमाल चाँदीजस्तै टलक्क टल्किएको थियो । होटेलको आँगन र बाटोभरि कम्तीमा एक हातभन्दा बढी बाक्लो हिउँ परेको थियो । बिहानको झुल्को घाममा निस्केर हिमाल र हिउँसँग खेल्दै करिब १५ मिनेटजति फोटो सेसन पनि गऱ्यौं । एकाएक जोश आयो अब गोसाईंकुण्ड नै जाऔं भनी सल्लाह गऱ्यौं । होटेलवाला दिदीसँग पनि सल्लाह लियौं, अनि उहाँले नै हिउँमा जाँदा घाम लागेको समयमा कालो चस्मा अनिवार्य लगाउनुपर्छ भन्दै श्रीमतीजीलाई एउटा कालो चस्मा पनि दिनुभयो ।

बिहान करिब ६ बजेको समय थियो, हामी होटेलमा तातोपानी खाएर बौद्ध स्तुपातर्फको ठाडो उकालो यात्रा सुरु गऱ्यौं । हिउँले बाटो प्रस्ट देखिएको थिएन र अत्यन्त चिसो महसुस भइरहेको थियो । झन्डै डेढ घण्टा ठाडो उकालोपछि करिब ४१०० मिटर उचाइमा बौद्ध स्तुपा रहेछ । त्यहाँ पुगेपछि आफूले टेकेर आएको लौरी चढाउनुपर्दछ भन्ने मान्यता रहेछ । सोहीबमोजिम हामीले पनि टेकेको लौरी भगवान्लाई चढायौं ।

बाक्लो हिउँले बाटो मात्र होइन, डाँडाकाँडासमेत सेताम्य देख्दा हामीलाई ठुलै हिमाल आरोहण गरेका छौं कि जस्तो अनुभूति भइरहेको थियो । बिहान लगातार चार घण्टाको (करिब पाँच किमि) को हिँडाइपछि हामीले पार्वतीकुण्ड र भैरवकुण्ड हुँदै अन्ततः ४३८६ मिटर उचाइमा रहेको गोसाईंकुण्डको दर्शन गऱ्यौं । मनमा अलौकिक आनन्द र आध्यात्मिक ऊर्जा प्राप्त भएको अनुभूति भयो । कुण्ड स्नान गरी मन्दिरको पूजा सकेर होटेलमा आराम गर्दै बिहानको खाना खायौं ।

११:३० बजेतिर पुनः लौरी विनायकतर्फ प्रस्थान गऱ्यौं । चिप्लो हिउँ र ओरालो बाटो पार गर्दै हामी करिब २: ३० तिर पुनः लौरी विनायक आइपुग्यौं । अब ३:०० बजेतिर उच्च जोशजाँगर लिएर धुन्चे नै पुग्ने लक्ष्यका साथ ओरालो झर्न सुरु गऱ्यौं ।

एक घण्टामा सोलाङपारि पुग्दा अचानक ठुलो पानी र हिउँ पऱ्यो । होटेलनजिक भएकाले हिजो खाना खाएकै होटेलमा पसेर चिया पियौं । करिब ४.०० बजे पानी पर्न बन्द भयो अनि हामी हिजो आएको बाटो छोडेर चन्दनबारीतर्फको बाटोमा फर्किन अगाडि बढ्यौं । अब हिउँको प्रभाव कम हुँदै गएको थियो । पानीले बाटो चिप्लो भए पनि यात्रा केही सहज हुँदै गएको थियो । चारैतिर हरियाली, चिसो हावा र हिमाली दृश्यले मन प्रफुल्लित हुँदै क्रमशः ओरालो बाटो लट्ठीको सहयोगले झर्दै गऱ्यौं । करिब एक घण्टा हिँडेपछि चन्दनबारी भन्ने ठाउँमा पुग्यौं । ओरालो झर्दै पुनः घुम्सा पुग्यौं ।

अब अँध्यारो सुरु भयो, झन्डै ६:३० बजिसकेको थियो, देउराली त पुगियो तर हामी अरू दुई घण्टा हिँडेर धुन्चे नै जाने अठोटका साथ त्यहाँबाट लगातार ओरालो बाटो मोबाइल बालेर हिँडिरह्यौं । अब करिब एक घण्टामा घट्टेखोला पुगिन्छ कि भन्ने आशा थियो । हामी निकै थाकिसकेका थियौं । घट्टेखोला तरेपछि पनि धुन्चे पुग्न अझै एक घण्टा हिँड्नु पर्ने हुँदा विदुरजीलाई घट्टेखोलाबाट गाडीको व्यवस्था गर्न लगायौं । गाडी घट्टेखोलामा आउने भन्ने पक्का भएपछि हाम्रो हिँडाइको गति भने अलि बढेजस्तो भयो । घट्टेखोलाको आगमनको प्रतीक्षामा झन्डै नौ बजिसकेको थियो । तर, खोला भने आइपुगेन । यस्तैमा श्रीमतीजीले 'खोइ खोला कता हरायो ?' भन्न लागिन् । उनको मार्मिक वाक्यले म भावुक भएँ । राति नौ बजेको अन्धकार, खोलाको गडगडाहटले बगेको आवाज आउँछ, तर जति हिँडे पनि हामी खोलानजिक पुग्न सकिरहेका थिएनौं । तर, झन्डै ९:३० बजे बल्ल हराएको घट्टेखोला भेट्टाइयो । हामी पुल तरेर पारि पुग्दा गाडी स्ट्यान्डबाई थियो । गाडी चढेर करिब १० बजे धुन्चे पुग्यौं । तातो सुप र खाना खाई एकछिन आराम गरेपछि निदाएको पत्तो नै पाइएन । एकैचोटि बिहान ब्युँझिएछ ।

भोलिपल्ट धुन्चे काठमाडौंको बस पनि हामी आउँदाको बस नै परेछ । आउने वेलाकै सिटमा बसेर हामी काठमाडौं फर्किँदै गर्दा ठुलो स्याफ्रुसँगको आत्मीयता, चोलाङपारिको शान्तता, लौरी विनायकको दिव्यता, चन्दनबारीको प्राकृतिक सुन्दरता अनि खोला हराएको रातका अविस्मरणीय पलहरू मनभरि खेलाउँदै दिउँसो दुई बजे घर आइपुगेको पत्तै भएन ।

यात्रा



● प्रताप सुवेदी

> समुद्र सतहबाट करिब ४३८० मिटर उचाइमा रहेको यो कुण्ड धार्मिक, सांस्कृतिक र प्राकृतिक सौन्दर्यको एउटा अद्भूत संगम रहेछ । यहाँ एकपटक मात्र स्नान गर्दा पनि जीवनमा जान-अन्जानमा गरेका पापहरू नष्ट हुने र आत्मा शुद्ध हुने जनविश्वास रहेको छ ।

चिया प्रेम

कविता



● दिपा दाहाल



हुस्सु लागेको बिहान
श्वास फेर्दा मुखबाट निस्किएको बाफजस्तै
एउटा न्यानो प्रस्ताव राखेथें -चिया पिउने ?

जवाफमा तिमीले
गुलिया सुरुप साटिदियौ

प्रत्येक साँझ
चिया दोकानको एउटा टेबल
हाम्रो प्रतीक्षामा बस्न थाल्यो

च्यारंगजस्ता ति...ता विगतका सम्झना उमालेर
चियाझैं मि..ठो वर्तमान पिउँदापिउँदै
दुध र चिनिझैं आपसमा मन घुलिएको पत्तै भएन

एक दिन मेरो चियामा झिँगा डुब्यो
तिम्रो बाँकी चियाको बाटो हुँदै
हाम्रा जुठा चोखा भए
अर्कोदिन तिम्रो चियाको कपमा झिँगा डुब्यो
मेरो कपको बिट हुँदै
हाम्रा ओठहरू स्पर्शिला भए

त्यस्तै, कुनै एक साँझ दुवैको चियामा झिँगा डुब्यो
छुट्टियौं हामी फेरि कहिल्यै चिया नपिउने गरी ।

- दमक, झापा

के महिलालाई संरक्षण चाहिएको हो ?

महिला र पुरुष एक-अर्कालाई सम्मान गर्दै संवाद गर्ने वातावरणको अन्त्य नहोस्

लैंगिकता



● पवित्रा खड्का

मुलुकभित्र र बाहिर हामी बारम्बार नाट्ययात्रा गरिरहन्छौं । नाट्ययात्राका क्रममा हामी विभिन्न समुदायमा पुग्छौं, विभिन्न ठाउँमा पुग्छौं । आमनागरिक, स्थानीय सरकारदेखि जनप्रतिनिधिसँग प्रत्यक्ष भेटघाट गर्छौं ।

अहिले हामीसँग नयाँ र युवा सरकार छ । कुर्सी फेरियो कि फेरिएन, या पुरानै कुर्सीमा बसियो, त्यो त थाहा छैन, तर कुर्सीमा अनुहार भने नयाँ देख्न पाइएको छ । र, काम गर्ने जोस जाँगर पनि भरपूर देखिन थालेको छ भन्ने धेरैलाई लागेको छ । यसमाथि अहिले सरकारले सय दिनमा गर्ने सयवटा कार्यसूची पनि सार्वजनिक गरिसक्यो । यो कार्यसूची मेरा लागि निकै चासोको विषय हो । मेरो लैंगिक अध्ययन भएको र सामाजिक न्यायबारे प्रशस्त नाट्य अभियानमा जोडिएको हुनाले अहिलेको महँगो सरकारले सामाजिक न्याय र लैंगिक समानताका लागि के काम गर्ला त भन्ने निकै चासो छ ।

मैले यो सरकारलाई महँगो सरकार किन भनैं भने, यो सरकार बन्न धेरै युवाले बलिदानी दिएका छन् । धेरै ठुलो आगो लागेको छ । पुरानो भ्रष्ट सरकार ढाल्न महँगो पऱ्यो भने पनि हुन्छ । जे होस् निकै महँगो बलिदानीको आडमा उभिएको छ, अहिलेको बालेन सरकार । यति महँगो सरकारको कार्यसूची चासोको विषय भयो र खिन्नता पनि सँगै आयो ।

सयवटा कार्यसूचीमा महिलाबारे के परेछ भन्दा सार्वजनिक यातायातमा सिसिटिभी राख्ने, निःशुल्क निलो बस सातवटै प्रदेशमा उपलब्ध गराउने । पहिला कुरा गरौं, सार्वजनिक यातायातमा सिसिटिभी राख्ने सम्बन्धमा । किन सिसिटिभी राख्ने भन्दा महिलामाथि हुने यौन दुर्व्यवहार कम गर्न । हुन त नयाँ सरकारको यो पहिलो कार्यसूची हो, महिलाकै राम्राका लागि, सार्वजनिक यातायातमा हिंसा भोग्नु नपरोस्, महिलाले सहज यात्रा गर्न पाउनुपर्छ, अथवा सार्वजनिक यातायातमा हुने दुर्व्यवहार कम दर्ता हुन्छ र पीडितले तथाकथित न्याय पाउन गाह्रो हुन्छ भनेर नै यो विचार आएको होला । तर, मेरो जिज्ञासा कहाँनेर हो भने सिसिटिभी भएका ठाउँमा चाहिँ हिंसाको स्थिति के छ त ?



खासगरी नेपालमा सिसिटिभी निगरानी प्रणालीको सुरुवात सन् २००० बाट भएको अनुमान लगाउन सकिन्छ, खासमा सार्वजनिक सुरक्षा र ट्राफिक नियमनका लागि । पछिल्लो समय सन् २०१० पछि चै निजी क्षेत्रहमा पनि छ्यापछ्याप्ती सिसिटिभी निगरानी प्रणाली देख्न सकिन्छ । आजको दिनसम्म आइपुग्दा जहाँ-जहाँ सिसिटिभी जडान भएका छन्, त्यहाँ-त्यहाँ महिलाले हिंसा भोग्नुपरेको छैन ? वा सिसिटिभीमा आजसम्म कतिवटा दुर्व्यवहार देखिएका छन्, निगरानीमा रहेका छन्, दर्ता भएका छन् र कति पीडकले सजाय पाएका छन् ? के हामी महिलाले घरभित्र भोगिरहेको हिंसा तपाईंको सिसी क्यामेराले निगरानीमा राखेर समाधान गर्छ ? वर्षौंदेखि महिलाले विभिन्न संस्कार, संस्कृति, शास्त्र, धर्मको आधारमा हिंसा भोगिरहनुपरेको छ । कसै न कसैको निगरानीमा रहिरहनुपरेको छ । पूर्वीय समाजको मानव विकासको पहिलो शास्त्र मानिएको मनुस्मृतिका अनुसार महिला अनुशासित र सुरक्षित रहन पहिला पिताको निगरानीमा त्यसपछि पतिको निगरानीमा र त्यसपछि पुत्रको निगरानीमा रहनुपर्ने भनिएको छ । त्यो मनुस्मृतिमा हाम्रो सरकारले अर्को बुँदा थपेछ, महिला सिसिटिभीको निगरानीमा रहनेछन् । सबै कुरा बुझ्नेहरू हाम्रै सुरक्षाका लागि काम गर्न चाहन्छन् । सुरक्षा भनेको निगरानी हो, निगरानी नभएको ठाउँमा पुरुषले बदमासी गर्दा भयो, निगरानी भएका ठाउँमा बच्नुपऱ्यो । मेरो विचारमा सिसिटिभी निगरानीको आइडिया नराम्रो होइन । तर, पूरै समाज, खासगरी छोरा मानिसलाई चेतना दिने अभियान निर्माण गर्न छाडेर सिसिटिभी निगरानी महत्त्वपूर्ण बुँदा बनेर आउँदा सरकारमा बस्नेहरूको सोचको दरिद्रता महसुस भएको हो ।

इनिशा विकको लास सत्ताइस दिनसम्म बरफमा जमिरह्यो र सिसी क्यामेराले हेरिरह्यो । हरेक १०-१५ मिनेटको फरकमा बालिका तथा महिलाले हिंसा भोगिरहनुपरेको छ । बलात्कृत भएर जो-जो जीवित छन्, झन् मरेतुल्य छन् । यी कैयौं पीडित बालिका, किशोरी वा वयस्क महिला न्याय पाउने आसमा न्यायको ढोका ढकढकाउँदै, पैतालामा फोका उठाउँदै भौंतारिइरहनुपरेको छ । न्याय दिलाउने संस्था र व्यक्तिबाटै अपमानित र अपहेलित भएर बाँच्नुपरेको छ । तर, अपराधीहरू भने खुलेआम छाती फुलाएर सानका साथ हिँडिरहेका छन् । सार्वजनिक सम्मान पाइरहेका छन् । सरकारबाट पुरस्कृत भइरहेका छन् ।

त्यसो भए लगानी कहाँ गर्ने त ? शिक्षा र चेतनामा होला, न्याय प्रणालीमा होला । सयौं वर्षदेखि दमनमा राखिएका महिलालाई अवसर र सहज ठाउँ सिर्जना गर्ने कुरामा होला । दोस्रो कुरा, सातवटै प्रदेशमा महिलाका लागि निःशुल्क निलो बससेवाको कुरा छ । यो निलो बससेवा बिल्कुलै नयाँ योजना ल्याइयो भन्नेचाहिँ होइन । धेरै देशमा प्रयोग गरेर असफल भएका र नेपालका लागि पनि नौलो होइन । योभन्दा अगाडि सन् २००९ मा पनि मैत्री महिला यातायात सेवा भनेर सुरु गरिएको थियो, तर ट्रायल बेसिसमा मात्र । त्यसपछाडि सन् २०१५ मा पनि महिला मात्रै मिनिबस सेवा, मुख्य रूपमा बिहान र बेलुकाको व्यस्त समयमा सञ्चालन गरिएको थियो । त्यतिबेला एकदमै सीमित रुटमा मात्रै यो बस उपलब्ध थियो । अहिलेको योजना हेर्दा सातवटै प्रदेशमा भन्दा अलिकति ठुलो रूपमा आएकोजस्तो देखिन्छ । तर, २००९ मा र २०१५ मा सञ्चालन भएको बससेवाले निरन्तरता पाउन सकेन । विश्वको सन्दर्भमा पनि महिलाहरूका लागि मात्र बस भनेर १५० वर्षअगाडि नै सन् १८७४ मा युनाइटेड किङडममा बस होइन, विचारचाहिं सुरु भएको रहेछ । तर, इतिहासमै पहिलोपटक सन् १९८० को सुरुवातमा बंगलादेशले महिलाका लागि मात्रै बस उपलब्ध गराएको रहेछ । यसले निरन्तरता पाउन नसकेपछि बन्द भएछ । त्यसैगरी, अन्य धेरै देशमा भने यसको अभ्यास भएको देख्न सकिन्छ । जस्तै- मेक्सिकोमा सन् २००८ पिंक लाइन भनेर, मलेसियामा २०१०, २०१६ मा भारतको महाराष्ट्रमा तेजस्विनीका नाममा यसरी नै सुरु भएको रहेछ । २०१९ मा दिल्लीमा फ्री बस सुरु भएको रहेछ, तर महिलाका लागि मात्रै होइन । त्यसैगरी, इरानमा सन् २०२१ मा सुरु भएको रहेछ ।

अहिले पनि पाकिस्तानमा प्रभावकारी रूपमा लागू गरिएको यो सेवाले जे उद्देश्यका लागि थालिएको थियो, त्यसमा प्रभाव पाऱ्यो कि पारेन न त ? बुझ्नु आवश्यक छ । के पाकिस्तानमा महिलामाथि हुने हिंसा रोकिएको छ त ? अथवा, महिलाले भोग्नुपर्ने दुर्व्यवहार तथा हिंसा कति कम भएको छ ? यसले पुरुषहरूको सोच र लैंगिक विभेदमा के परिवर्तन ल्याउँछ ? महिलालाई पुरुषबाट अलग राखेर हिंसा कम हुन्छ कि समाजको सोच नै बदल्नु जरुरी छ ? अरू देशमा जे-जे आयो, त्यसैको नक्कल गर्न लागिपरेका छौं । सरकार नै पितृसत्तात्मक सोचबाट ग्रसित छ भने उसले ल्याएका कार्यक्रम कति परिवर्तनमुखी बन्लान् ? मेरो जिज्ञासा कहाँ हो भने कतिजना महिला, महिला अधिकारकर्मी र महिला विशेषज्ञसँग बसेर यो कुरा छलफल गरियो । महिलाका लागि हामीले छुट्टै बस राख्दै छौं भनेर कहाँ छलफल गरियो ? अझै पनि सत्तामा बसेका पुरुषकै दिमागबाट हामीले महिलालाई संरक्षण गर्नुपर्छ भन्ने सोचका साथ आएको कार्यक्रमले लैंगिक विभेद अन्त्य गर्दैन । त्यसो भए लैंगिक अल्पसंख्यकमाथि हुने हिंसा रोक्न उनीहरूलाई पनि छुट्टै बसको व्यवस्था गर्नुपऱ्यो, वृद्धवृद्धा र अशक्तका लागि छुट्टै । यसरी समस्याको समाधान हुन्छ त ? सदन पनि छुट्टै बनाउँदा भयो, सिनेमा हल पनि महिलाका लागि मात्रै छुट्टै हुनुपऱ्यो । हरेक सार्वजनिक कार्यक्रम महिला र पुरुषका लागि छुट्टै हुनुपऱ्यो । बजार पनि महिला र पुरुषका लागि छुट्टै हुँदा के हिंसा र विभेद रोकिन्छ त ?

मूल कुरा महिलाको संरक्षण र सुरक्षा होइन, व्यक्ति र समाजमा भएको सोचमा परिवर्तन आवश्यक छ । त्यसका लागि राज्यले कार्यक्रम ल्याउनुपऱ्यो । नत्र, महिलाको हितमा ल्याउन खोजिएको सरकारको कार्यक्रमले झन् महिलालाई कुनामा राख्नेछ र विभेद हुनेछ । पुरुषका लागि महिला र महिलाका लागि पुरुष एलियनजस्तो नबनाइयोस् । एक-अर्कालाई सम्मान गर्दै संवाद गर्ने वातावरणको अन्त्य नहोस् ।

> छुट्टै बस राख्दा महिलाले भोग्नुपर्ने दुर्व्यवहार र हिंसा कति कम भएको छ ? यसले पुरुषहरूको सोच र लैंगिक विभेदमा के परिवर्तन ल्याउँछ ? महिलालाई पुरुषबाट अलग राखेर हिंसा कम हुन्छ कि समाजको सोच नै बदल्नु जरुरी छ ?

> मनुस्मृतिका अनुसार महिला अनुशासित र सुरक्षित रहन पहिला पिताको निगरानीमा, त्यसपछि पतिको निगरानीमा अनि पुत्रको निगरानीमा रहनुपर्ने भनिएको छ । त्यो मनुस्मृतिमा हाम्रो सरकारले अर्को बुँदा थपेछ, महिला सिसिटिभीको निगरानीमा रहनेछन् ।

वातावरण



● शशि शेखर

पानी अभावले काकाकुल बन्दै तेहरानदेखि नयाँदिल्लीका सहर



पानीको अभाव जलवायु र वातावरणीय ह्रासँग जोडिएको छ । सम्पूर्ण विश्वसँगै भारतले पनि वातावरणको तीव्र गिरावट अनुभव गरिरहेको छ । तस्बिरः एपी

> भूगर्भीय पानीको अत्यधिक दोहनका कारण जकार्ता सहर वार्षिक १५ सेन्टिमिटरले डुब्दै छ, र यसको उत्तरी क्षेत्रका केही भागहरू वार्षिक २०-२८ सेन्टिमिटरले भासिँदै छन् । सहर भासिँदै जाँदा, समुद्रको सतह बढ्दै छ । सहरको लगभग ४० प्रतिशत भाग समुद्रले निलिसकेको छ । विभिन्न अध्ययनले सुझाव दिन्छन् कि आगामी २५ वर्षमा, जकार्ता पूर्ण रूपमा डुब्नेछ ।

केतेहरान शून्यताको जोखिमतर्फ अगाडि बढिरहेको हो ? म अमेरिका-इजरायलले इरानमाथि गरेका हमला अनि विनाश र त्यसपछिका संकटलाई संकेत गरिरहेको छैन । अन्तर्राष्ट्रिय रूपमा तेल पारवहनका लागि प्रसिद्ध हर्मुज जलमार्गमा हालैको अमेरिकी नाकाबन्दीको चर्चा कोट्याउन खोजिरहेको पनि छैन, न त अमेरिकी बमवर्षक विमानले भग्नावशेष भएका सहरको चित्रण गर्न खोजेको छु । बरु इरानको राजधानी सहरमा देखिएको अभूतपूर्व पानीको संकटलाई औंल्याउँदै छु । यो समस्या वर्षौंदेखिको हो, जसको चपेटामा आमइरानी नागरिक परेका छन् । इरानी राष्ट्रपति मसुद पेजेस्कियानले हालै घोषणा गरेका छन् कि देशको राजधानी सार्नु अब विकल्प होइन, बरु बाध्यता हो । यो बाध्यता पानीको हाहाकारले निम्त्याएको हो ।

देशमा यो त्रासदी धेरै समयदेखि चलिरहेको छ । अल्बोर्ज पर्वत शृंखलामा रहेको हिउँ तेहरानको पानी आपूर्तिको महत्त्वपूर्ण स्रोत हो । यद्यपि, शताब्दियौं पुरानो प्रणालीले विश्वव्यापी तापक्रम वृद्धिको सामना गरिरहेको छ । हिमपातको मात्रा निरन्तर घट्दै गएको छ, जसले गर्दा पानी आपूर्तिमा ह्वात्तै गिरावट आएको छ । यसैबिच, महानगर विस्तार भएको छ । मानिसहरूले जमिनको पानीको अन्धाधुन्ध दोहन गरिरहेका छन्, जसले गर्दा धेरै घना जनसंख्या भएका क्षेत्रमा जमिन भासिन थालेको छ । तेहरान प्रशासनले पाइपलाइनमा पानीको चाप कम गर्न स्मार्ट मिटर जडान गरेको छ । तर, यो संकटसँग जुध्नका लागि केबल एउटा अस्थायी समाधान मात्र हो । यदि अवस्था यस्तै रह्यो भने, तेहरान आधुनिक समयमा त्यागिएको दोस्रो राजधानी सहर बन्न सक्छ । पानी अभावकै कारण भविष्यमा देशको राजधानी सार्नुपर्ने अवस्था अवश्य आउनेछ ।

इन्डोनेसियाको कथा उस्तै छ । राजधानी जकार्ता पहिले नै परित्यक्तको अवस्थामा छ । पानीको अभावका कारण जकार्ताले बोर्नियो टापुको पूर्वी कालीमन्तान प्रान्तको नुसनतारामा आफ्ना कार्यालय सार्दै छ । कारण, यो हो कि सहरले आफ्ना ४० प्रतिशत बासिन्दालाई मात्र पाइपबाट पानी उपलब्ध गराउन सक्छ । जकार्ताका बासिन्दाहरू भूगर्भीय पानी (जमिनमुनिबाट तानिने पानी) मा अधिक निर्भर छन् । भूगर्भीय पानीको अत्यधिक दोहनका कारण जकार्ता सहर वार्षिक १५ सेन्टिमिटरले डुब्दै छ, र यसको उत्तरी क्षेत्रका केही भाग वार्षिक २०-२८ सेन्टिमिटरले भासिँदै छन् । सहर भासिँदै जाँदा, समुद्रको सतह बढ्दै छ । सहरको लगभग ४० प्रतिशत भाग समुद्रले निलिसकेको छ । विभिन्न अध्ययनले सुझाव दिन्छन् कि आगामी २५ वर्षमा, जकार्ता पूर्ण रूपमा डुब्नेछ ।

भारतको कम्तीमा २१ सहर पानी अभावसँग जुधिरहेका छन् । यसमा नयाँदिल्ली, बेंगलुरु, हैदराबाद, चेन्नई र पुणे समावेश छन् । बंगालको खाडीको किनारमा अवस्थित चेन्नईले २०१९ मा निकै जोखिम अवस्थाको सामना गऱ्यो । पानीको आवश्यकता पूरा गर्न नजिकैका क्षेत्रबाट वितरण सुरु गरियो । जमिनको जलको अत्यधिक दोहनले बेंगलुरु, पुणे र हैदराबादमा पनि यस्तै अवस्था निम्त्याउन सक्छ । जमिनमुनि पानीको तह निरन्तर घट्दै गइरहेको छ, र जमिन भासिने घटनाहरू तीव्र बढिरहेका छन् ।

दिल्लीमा पानीको अभाव नयाँ विषय रहेन । दिल्लीवासी वर्षौंदेखि काकाकुलको अवस्थामा छन् । रोहिणी टाउनसिप र यस्ता धेरै आवासीय क्षेत्रलाई निश्चित दिनमा पानी उपलब्ध गराइन्छ । एक समय थियो जतिबेला सहरमा सातामा २४सै घण्टा पानी वितरण गरिन्थ्यो । तर, अहिले यो कुरा एकादेशको कथा बनेको छ । अहिले यमुनामा यति धेरै एमोनिया छ कि यसको पानी मानव उपभोगका लागि प्रयोग गर्न सकिँदैन । यमुना नदीमा एमोनियाको स्तर प्रायः ५ पिपिएम (०.५ पिपिएम सुरक्षित)भन्दा बढी रहेको यसअघि नै सार्वजनिक भइसकेको छ । जनसंख्याको ठुलो हिस्सा पानी ट्यांकरमा निर्भर छ । दिल्लीको पानीको आवश्यकताको नब्बे प्रतिशत हरियाणा र उत्तर प्रदेशले पूरा गर्दछ । यी राज्यमै पानीको अभाव हुँदा दिल्लीका बासिन्दाले यसको मार खेप्नुपर्छ ।

केन्द्र सरकारले अटल ग्राउन्ड वाटर योजना, नदी जोड्ने कार्यक्रम, वर्षाको पानी संकलन र डिजिटल पानी ग्रिडजस्ता धेरै योजना सुरु गरिएका छन् । अटल भूजल योजनामार्फत, सरकारले पानी आपूर्तिमा जनताको सहभागितालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । जनचेतना बढाउन धेरै सहरमा पिजो मिटर जडान गरिएको छ । यी मिटरले बासिन्दालाई उनीहरूको क्षेत्रमा घट्दो भूजलस्तरको समस्या सम्बोधन गर्ने विश्वास गरिएको छ । सिँचाइ सुधार गर्न इजरायलबाट थोपा सिँचाइ (ड्रिप इरिगेसन) सुरु गरिएको छ । दैनिक आपूर्ति बढाउन युद्धस्तरमा रिसाइक्लिङ (पुनर्चक्र) सुरु गरिएको छ ।

म नदी जोड्ने परियोजनाका बारेमा छलफल गर्न चाहन्छु । प्रधानमन्त्री नरेन्द्र मोदीले पदभार ग्रहण गर्नेबित्तिकै उनले कार्यक्रम सुरु गरे । पहिलो चरणमा, केन र बेतवालाई जोड्ने प्रयासहरू भइरहेका छन् । यद्यपि, धेरै विज्ञहरूले नदी जोड्ने परियोजनालाई स्रोतका हिसाबले वृहत् र समय खपत गर्ने मानिन्छ । पानीको अभाव जलवायु र वातावरणीय ह्रासँग जोडिएको छ । सम्पूर्ण विश्वसँगै भारतमा पनि वातावरणमा द्रुत गिरावट देखिइरहेको छ । इरानको अल्बोर्ज पहाडहरू जस्तै, हिमालयले पनि हिउँको आवरणको कमीको सामना गरिरहेको छ । हिमपातमा कमी र बढ्दो तापक्रमले प्राकृतिक चक्रभन्दा धेरै छिटो हिमनदी पग्लिरहेका छन्, जसले गंगा, यमुना र सतलजजस्ता बाह्रैमास बहने नदीहरूमा दबाब सिर्जना गरिरहेको छ ।

जलवायु संकटले गर्मी, मनसुन र जाडोबिचको सन्तुलन बिगारेको छ । म वसन्त पञ्चमीको समयमा देहरादुनमा थिएँ । शिवालिकको दुन उपत्यकामा त्यस दिन भारी वर्षा र असिना परेको थियो र नजिकैका पहाडमा मौसमको पहिलो हिमपात भएको थियो । म तपाईंलाई सम्झाउन चाहन्छु कि वसन्त पञ्चमी त्यो दिन हो, जुन दिन उत्तरी भारतका मानिसहरूले जाडोलाई बिदाइ गरे । त्यस दिन भएको कडा चिसो र हिमपातले मलाई एक सहकर्मीको व्यंग्यको सम्झना गरायो- वसन्त ऋतु अब मरिसकेको छ । यो केवल ऋतुको मृत्यु मात्र होइन, बरु हाम्रो जीवनमा वसन्तको दुःखद अन्त्य पनि हुन सक्छ ।

*(शेखर हिन्दुस्तान टाइम्सका प्रधान सम्पादक हुन् । हिन्दुस्तान टाइम्समा प्रकाशित उनको आलेखलाई **सुभाष शर्माले** भावानुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १२ वैशाख ०८३

पूर्ण ग्यास भएको सिलिन्डर चाँडै

आधा ग्यास भएको सिलिन्डर प्रयोग गर्नुपर्दा उपभोक्तालाई हैरानी भएको छ भने अहिले माग घटेकाले भारतबाट ल्याएको ग्यास राख्ने ठाउँको अभाव हुन थालेको गुनासो, पूर्ण तौल भएको ग्यास सिलिन्डर चाँडै प्रचलनमा ल्याउन सरकार सकारात्मक



अजित अधिकारी / नयाँ पत्रिका

आपूर्ति सहज हुन थालेपछि सरकारले पूरा तौल भरिएको (१४.२ किलो) ग्यास सिलिन्डर पुनः प्रचलनमा ल्याउने गृहकार्य अघि बढाएको छ। २९ फागुनदेखि बजारमा आधा ग्यास (७.१ किलो) भरिएको सिलिन्डर मात्रै प्रचलनमा छ।

आपूर्ति सहज भई उद्योगहरूमा ठुलो मात्रामा ग्यास भण्डारण भएकाले पूरा तौल भरेर बजारमा सिलिन्डर पठाउन थाल्नुपर्ने उद्योगीको मत छ। उनीहरूले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव र आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टलाई पनि हालको मौज्दात र बिक्री अवस्थाबारे जानकारी गराएर तत्काल पूरा तौल भरिएको ग्यास सिलिन्डर प्रयोगमा ल्याउन सुझाव दिइसकेका छन्। एलपी ग्यास उद्योग संघले शुक्रबार दिउँसो आयल निगमलाई बुझाएको तथ्यांकमा बजार माग घटेका कारण देशभर रहेका उद्योगमा आठ सय टन ग्यास मौज्दात बसेको छ। सो परिमाणबाट पाँच लाख ६३ हजार तीन सय ८० वटा सिलिन्डरमा पूरा ग्यास भर्न पुग्छ।

त्यस्तै, बजारबाट खाली सिलिन्डर नआउँदा उद्योगले 'रिफिल' गर्न नपाउँदा थप २४ सय टन ग्यास विभिन्न बुलेटमै थन्क्याएर राख्नुपर्ने तथ्यांक पनि संघले निगमलाई दिएको छ। संघका अनुसार भारतबाट ग्यास लिएर आएका एक सय ३३ वटा बुलेट विभिन्न उद्योगपरिसरमा अहिले पार्किङ भएर बसेका छन्। ती बुलेटमा रहेका ग्यास खन्याउने ठाउँ नहुँदा समस्या भइरहेको संघ अध्यक्ष दिवान चन्द्रले जानकारी दिए। 'अहिले ग्यासको न्यून माग छ, जसकारण बजारबाट उद्योगमा खाली सिलिन्डर आएका छैनन्,' उनले भने, 'यस्तो वेला आधा परिमाण मात्रै भरेर पठाउँदा आयात भएको ग्यास बुलेटमा मौज्दात राख्नुपर्दा समस्या उत्पन्न हुन थालेको छ।' उनले भारतीय बुलेटमा लामो समय ग्यास राख्दा विलम्ब शुल्क दिनुपर्ने अवस्थासमेत आउनेतर्फ पनि सरकारले ध्यान दिनुपर्ने बताए। अर्कातिर, उद्योगपरिसरमा ठुलो मात्रामा ग्यास भण्डारण गरेर राख्दा जोखिम पनि हुने उनले बताए।

आयल निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुख विनीतमणि उपाध्यायले पनि पूरा तौल भएको सिलिन्डर प्रचलनमा ल्याउनेबारे गृहकार्य भइरहेको, तर निर्णय हुन बाँकी रहेको बताए। 'आधा ग्यास मात्रै बजारमा पठाइरहँदा उपभोक्तालाई पनि सास्ती भइरहेकोबारे जानकारी आएको छ। अर्कातिर, उद्योगीले पनि समस्या देखाइसकेका छन्,' उनले भने।

आयल निगमले टेकुस्थित पुरानो कार्यालयमा राखेको अस्थायी ग्यास डिपो पनि हटाएको छ। आपूर्ति सहज भएर उपभोक्ताहरू ग्यास नै खरिद गर्न नआएपछि वैशाख लाग्नासाथ टेकुको अस्थायी डिपो बन्द गरेको उपाध्यायले जानकारी दिए।

ग्यास विक्रेता महासंघका अध्यक्ष ज्ञानेश्वर अर्यालले तत्काल १४.२ किलोको ग्यास सिलिन्डर प्रचलनमा ल्याउनुपर्ने बताए। 'उपभोक्ता, विक्रेता र उद्योगीलाई मात्र होइन, सरकारका लागि पनि फाइदा हुने भएकाले तत्काल १४.२ किलोको ग्यास प्रयोगमा ल्याउनुपर्छ,' उनले भने, 'अहिले बुलेट खडा गरेर राख्ने र पछि महँगो मूल्यको ग्यास लिन फेरि जानुपर्ने बाध्यता हुन सक्छ। त्यसैले अहिले सबै बुलेट खाली गरेर ग्यास जतिसक्दो धेरै ग्यास ल्याउनुपर्छ। किनभने, फेरि मूल्य बढ्न सक्ने खतरा छ। त्यतिवेला महँगो ग्यास आयात गर्नुभन्दा अहिले नै धेरै ग्यास ल्याएर राख्नुपर्छ।'

ग्यास भरिएको सिलिन्डर प्रयोगमा ल्याउन सकारात्मक छौं

● **विनीतमणि उपाध्याय**, निर्देशक, आयल निगम



पूरा तौल भएको सिलिन्डर प्रचलनमा ल्याउनेबारे गृहकार्य भइरहेको छ, तर ठोस निर्णय हुन बाँकी छ। उद्योग मन्त्रालय र उद्योगीसँग हामी निरन्तर छलफलमै छौं। आधा ग्यास मात्रै बजारमा पठाइरहँदा उपभोक्तालाई पनि सास्ती भइरहेकोबारे जानकारी आएको छ। अर्कातिर, उद्योगीले पनि समस्या देखाइरहेका छन्। उद्योगमा धेरै ग्यास सञ्चय भएर बसेको तथ्यांक पनि उद्योगीले दिएका छन्। बजारमा पनि अहिले आपूर्ति सहज भइसकेको अवस्था छ। त्यसैले पूरा तौल भएको ग्यास सिलिन्डर प्रचलनमा ल्याउनेबारे हामी सकारात्मक छौं।

ग्यासको माग घटिसक्यो, उद्योगमा पनि मौजाद धेरै छ

● **दिवान चन्द**, अध्यक्ष, एलपी ग्यास उद्योग संघ



अहिले ग्यासको खपत घटेकाले उद्योगमा मौज्दात भएर बसेको अवस्था छ। देशभरका विभिन्न उद्योगपरिसरमा भारतबाट ग्यास लिएर आएका बुलेटमा रहेको ग्यास खन्याउने ठाउँ नहुँदा समस्या भइरहेको छ। यस्तो वेला आधा परिमाण मात्रै भरेर पठाउँदा आयात भएको ग्यास बुलेटमा मौज्दात राख्नुपर्दा समस्या उत्पन्न हुन थालेको छ।

आधा ग्यास भरिएको सिलिन्डर लैजानुपर्दा उपभोक्तालाई पनि सास्ती छ

● **ज्ञानेश्वर अर्याल**, अध्यक्ष, ग्यास विक्रेता महासंघ



तत्काल १४.२ किलोको ग्यास सिलिन्डर प्रचलनमा ल्याउनुपर्ने आवश्यकता भइसक्यो। अहिले बुलेट खडा गरेर उद्योगमा राख्ने र पछि महँगो मूल्यको ग्यास लिन फेरि जानुपर्ने बाध्यता हुन सक्छ। त्यसैले अहिले सबै बुलेट खाली गरेर जतिसक्दो धेरै ग्यास आयात गर्ने योजना बनाउनुपर्छ। किनभने, अन्तर्राष्ट्रिय बजारमा मूल्य बढिरहेको छ र महँगो मूल्यको ग्यास ल्याउनुपर्ने खतरा छ। त्यतिवेला महँगो ग्यास आयात गर्नुभन्दा अहिले नै धेरै ग्यास ल्याएर राख्नुपर्छ।

उद्योगी शेखर गोल्छा पक्राउपछि निजी क्षेत्र त्रसित

धितोपत्र कसुरमा अनुसन्धानका लागि समातिएका उद्योगी शेखर गोल्छाको बचाउमा उत्रिए उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र चेम्बर

नयाँ पत्रिका

नेपाल रि-इन्स्योरेन्सको सेयरमा चलखेल गर्न बिचौलिया दीपक भट्टलाई सघाएको भेटिएपछि अनुसन्धानका लागि पक्राउ परेका उद्योगी शेखर गोल्छाको बचाउमा निजी क्षेत्रका तीन प्रमुख संगठनले संयुक्त विज्ञप्ति निकालेका छन्। हिमालयन रि-इन्स्योरेन्सका तत्कालीन अध्यक्ष गोल्छाले इन्फिनिटी होल्डिङ्सका सञ्चालक भट्टलाई नेपाल रि-इन्स्योरेन्सको सेयर मूल्य 'इन्साइडर ट्रेडिङ'मार्फत उचाल्न सहयोगी भूमिका खेलेको धितोपत्र बोर्डको जाँचबुझ समितिले औंल्याएको छ। सोही प्रतिवेदनका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले बिहीबार गोल्छालाई पक्राउ गरी अनुसन्धान थालेको छ।

उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्षसमेत रहेका गोल्छाको पक्राउलाई तीन संगठनले विज्ञप्ति निकालेर विरोध गर्दै उद्यमी-व्यवसायीमाथि धरपकड भएको र त्यसबाट निजी क्षेत्र निरुत्साहित भएको तर्क गरेका छन्। उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्सले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा नयाँ सरकार गठनपछि मुलुकमा स्थिरता कायम भई लगानीको वातावरण बन्ने अपेक्षा गरे पनि उद्योगीमाथि भएको धरपकडले त्रसित भएको उल्लेख छ।

'उद्यमी-व्यवसायीमाथि भइरहेको धरपकड र थुनछेकबाट निजी क्षेत्र निरुत्साहित भएको छ,' विज्ञप्तिमा भनिएको छ। गोल्छाको पक्राउले अर्थतन्त्रमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान पुऱ्याइरहेको समग्र निजी क्षेत्र त्रसित हुनुपर्ने अवस्था सिर्जना भएको उनीहरूको भनाइ छ। विज्ञप्तिमा भनिएको छ, 'यसले अर्थतन्त्र, रोजगारी, राजस्व एवं पूर्वाधार निर्माणमा समेत गम्भीर असर पर्नेतर्फ नियामकीय निकायका प्रतिवेदनका आधारमा मात्रै पनि उद्योगी-व्यवसायीलाई पक्राउ गरिएको सन्दर्भमा आर्थिक कसुरका सम्बन्धमा पहिले सुन्ने अनि कसुर प्रमाणित भएपछि मात्र थुन्ने दृष्टिकोण र व्यवहार गर्न सरकारलाई गम्भीर रूपमा आग्रहसमेत गर्दछौं।'

गोल्छाले अनुसन्धानलाई सघाउन आफू पूर्ण तयार रहेको र प्रहरीले बोलाएको समयमा उपस्थित हुने जानकारी गराए पनि पक्राउ गरेकोप्रति विज्ञप्तिमार्फत असन्तुष्टि जनाइएको छ।

धितोपत्र कसुरमा समातिएका गोल्छालाई अनुसन्धान गर्न चार दिन म्याद थप




प्रहरी नियन्त्रणमा रहेका उद्योगी शेखर गोल्छालाई हिरासतमा राखेर धितोपत्र कसुरमा अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतले चार दिन म्याद थप गरेको छ। धितोपत्र बोर्डको जाँचबुझ प्रतिवेदनअनुसार नेपाल रि-इन्स्योरेन्सको सेयर मूल्य उचाल्न सहयोगी भूमिका खेलेको उनीमाथि आरोप छ। बिचौलिया दीपक भट्ट र सुलभ अग्रवाल दम्पतीले ब्रोकर कम्पनी 'भृकुटी स्टक ब्रोकिङ'सँग मिलेमतो गरी धितोपत्र कसुर गरेको र त्यसमा गोल्छाले सहयोगी भूमिका खेलेको ३ वैशाखमा बुझाएको प्रतिवेदनमा उल्लेख छ। जाँचबुझ समितिले नै गोल्छासहितका व्यवसायीलाई प्रहरीले थप अनुसन्धान गर्नुपर्ने निष्कर्ष निकालेको थियो। सोही आधारमा सिआइबीले उनलाई पक्राउ गरेको हो। गोल्छामाथि धितोपत्रसम्बन्धी ऐन, ०६३ को दफा ९४, ९५, ९६ को उपदफा (१) र दफा ९८ बमोजिम कसुरमा ऐनको दफा १०३ को उपदफा (३) बमोजिम थप अनुसन्धान तथा कारबाहीका लागि जाँचबुझ आयोगले सिफारिस गरेको छ।

बिचौलिया भट्ट र उद्योगी गोल्छा साझेदारसमेत हुन्। हिमालय सेक्युरिटीमा भट्टको ७ प्रतिशत र गोल्छाको व्यक्तिगत स्वामित्व २.५ प्रतिशत छ। गोल्छा तत्कालीन समयमा अध्यक्ष रहेको हिमालयन रि-इन्स्योरेन्सको समेत उक्त कम्पनीमा ७५ प्रतिशत स्वामित्व छ। भट्ट र ब्रोकरबिच आर्थिक लेनदेन हुँदा गोल्छाको पैसासमेत प्रयोग भएको जाँचबुझबाट तथ्य बाहिरिएको छ। नेपाल रिको सेयर मूल्य बढाउन भट्ट र उनका समूह (गोल्छासमेत)ले नेपाल स्टक एक्सचेन्जको प्रणालीलाई नै झुक्याएको अर्को कसुर छ।



साताको बजार

४९.७ अंकले घट्यो नेप्से



काठमाडौं/ साताभरमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ४९.७ अंकले घटेको छ। गत साताको शुक्रबार २८३८.४ अंकमा पुगेको सेयर बजार परिसूचक यो साताको शुक्रबार आइपुग्दा २७८८.७ विन्दुमा पुगेको हो। साताभर निरन्तर घटेको नेप्से अन्तिम दिन भने १.५४ अंकले बढेको थियो।

शुक्रबार चार कम्पनीको सेयर मूल्य उच्च दरले वृद्धि भएको छ। पाल्पा सिमेन्ट, शिखर पावर डेभलपमेन्ट र माइखोला हाइड्रोपावरको सेयर मूल्य १५ प्रतिशतले बढेर सर्किट ब्रेकर लागेको थियो। कर्पोरेट डेभलपमेन्ट बैंकको सेयर मूल्य भने १२.६२ प्रतिशतले बढेको थियो।

कुल पाँच अर्ब २७ करोडको कारोबार भएको थियो। शुक्रबार सर्वाधिक कारोबार हुनेमा रिडी पावर कम्पनी, रिलायन्स स्पिनिङ मिल्स, नेसनल हाइड्रोपावर कम्पनी, सोलु हाइड्रोपावर र अंखु खोला जलविद्युत् छन्। यो साताको सबैभन्दा ठुलो कारोबार बुधबार भएको थियो। सो दिन सात अर्ब ७१ करोडको कारोबार भएको थियो। कुल बजार पुँजीकरण ४७ खर्ब ५६ अर्ब रुपैयाँ कायम छ।

सुनको भाउ प्रतितोला ४५ सयले घट्यो



काठमाडौं/ साताभरमा सुनको भाउ प्रतितोला ४५ सय रुपैयाँ घटेको छ। साताको पहिलो आइतबार तीन लाख एक हजार रहेको सुन शुक्रबार दुई लाख ९६ हजार पाँच सय रुपैयाँ प्रतितोला मूल्य निर्धारण भएको सुनचाँदी व्यवसायी महासंघले जनाएको छ। महासंघका अनुसार सोमबार दुई लाख ९९ हजार सात सय, मंगलबार तीन लाख एक हजार तीन सय, बुधबार तीन लाख पाँच सय र बिहीबार दुई लाख ९८ हजार सात सय रुपैयाँ मूल्य निर्धारण भएको थियो।

त्यस्तै, चाँदीको भाउ पनि साताभरमा प्रतितोला दुई सय ८० रुपैयाँ घटेको छ। आइतबार पाँच हजार दुई सय २५ सय रुपैयाँ कायम भएको चाँदीको मूल्य शुक्रबार चार हजार नौ सय ४५ रुपैयाँ पुगेको महासंघले जनाएको छ। त्यस्तै, सोमबार पाँच हजार एक सय ९०, मंगलबार पाँच हजार एक सय ६०, बुधबार पाँच हजार एक सय ३० र बिहीबार पाँच हजार २० रुपैयाँ मूल्य निर्धारण भएको महासंघले जनाएको छ।

भूराजनीतिक तनाव, विश्वका शक्तिशाली केन्द्रीय बैंकहरूले घटाइरहेको बैंक ब्याजदर र सुनमा लगानीकर्ताको बढ्दो आकर्षणका कारण पछिल्लो समय सुनको भाउ उच्च विन्दुमा पुगेर थोरै मात्रामा तलमाथि हुने गरेको छ।

विमानस्थलपरिसरका पाँच होटेललाई १४ लाख जरिवाना

काठमाडौं/ अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले त्रिभुवन विमानस्थलपरिसरमा सञ्चालित पाँचवटा होटेललाई अधिकतम खुद्रा बिक्री मूल्य कार्यान्वयन नगरेको, मूल्यसूची टाँस नगरेकोलगायत कैफियत भेटिएपछि १४ लाख पाँच हजार रुपैयाँ जरिवाना तिराएको छ।

विभागको अनुगमन टोलीले सान इन्टरप्राइजेज, ओरियन्टल होटेल, टी थ्री थकाली र साई किरण इन्टरप्राइजेजलाई तीन-तीन लाख रुपैयाँ तथा होटेल सोनिगलाई दुई लाख पाँच हजार रुपैयाँ जरिवाना तिराएको हो। त्यस्तै, सोल्टी होटेललाई भने व्यवसायसँग सम्बन्धित कागजात लिई २४ घण्टाभित्र उपस्थित हुन निर्देशन दिएको विभागले जनाएको छ।

कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, बौनिया शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०१/१२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिल:

ऋणीको नाम र ठेगाना :
प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा स.फ.द.प्र.प.नं. ५६२ कायम भई मिति २०७७/०८/०८ मा दर्ता भएको कैलाली जिल्ला, लम्कीचुहा नगरपालिका वडा नं. ९ स्थित **केदार इट्टा उद्योग...१**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
र्सप सिंह रावलको नाति, नर बहादुर रावलको छोरा, कैलाली जिल्ला, प्रतापपुर न.पा./गा.वि.स. वडा नं. ६ बस्ने **दीपक बहादुर रावल...१**
बिर बहादुर कुँवरको नाति, टंक बहादुर कुँवरको छोरा, कैलाली जिल्ला, दोदोधरा उ.म.न.पा./गा.वि.स. वडा नं. १ बस्ने **रवि कुँवर...१**
जहर सिंह कुँवरको नाती, विर बहादुर कुँवरको छोरा, कैलाली जिल्ला, बर्दगोरीया गाउँपालिका वडा नं. ३ बस्ने **टंक बहादुर कुँवर...१**
टंक बहादुर कुँवरको श्रीमती, गणेश बहादुर खड्काको छोरी, कैलाली जिल्ला, दोदोधरा उ.म.न.पा./गा.वि.स. वडा नं. १ बस्ने **सावीत्रा कुँवर...१**
रवि कुँवरको श्रीमती, शिव बहादुर बस्नेतको छोरी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स. वडा नं. १ बस्ने **ज्ञानु बस्नेत...१**
दिपक बहादुर रावलको श्रीमती, नर बहादुर खड्काको छोरी, कैलाली जिल्ला, धनगढी उ.म.न.पा./गा.वि.स. वडा नं. ४ बस्ने **सोनम खड्का...१**
धितो सुरक्षणको विवरण :
केदार इट्टा उद्योगको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, प्रतापपुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९) को कित्ता नं. ८३, ६४१, ६४२, ६४३, ६४४, ७९१, ७९२ र ७९३ को क्रमशः ११८५०.४१, २११६४.९७, २११६४.९७, ७७८८.७१, ७७८८.७१, ४०६३.६७, ४४०२.३१ र ४०६३.६७ वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

अनुसुची-४

(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाणडौ द्वारा प्रस्तावित केन्द्रीय कारागार भवन निर्माण, नुवाकोट जिल्ला को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी को लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति : २०८३/१/१२)

बागमती प्रदेश अन्तर्गत नुवाकोट जिल्लाको विदुर नगरपालिका वार्ड नं. ६ मा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाणडौ द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाणडौ फोन नं: ००९७७-१-५३६२३६५
प्रस्तावको व्यहोरा	प्रस्तावित परियोजना मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत भई आर्थिक वर्ष २०७२/७३ देखि कार्यान्वयनमा रहेको छ, जसको अन्तिम योजनाबद्ध क्षमता लगभग ६,८५० कैदीहरू हुनेछन्। गुरुयोजना अनुसार, लगभग ६४५ रोपनी जग्गामा चरणबद्ध कार्यान्वयन गर्ने प्रस्ताव गरिएको परियोजनामा सीमा पर्खाल, कारागार आवास ब्लक, चिकित्सा सुविधाहरू, खेलकुद र मनोरञ्जन सुविधाहरू, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका लागि सुरक्षा ब्लक, प्रशासनिक र आगन्तुक सुविधाहरू, पार्किङ क्षेत्रहरू, र अन्य सहायक पूर्वाधारहरू जस्ता प्रमुख पूर्वाधारहरूको निर्माण समावेश छ।
प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा. पा./वडा नं.	नुवाकोट जिल्ला, विदुर नगरपालिका-६ (खम्पा क्याम्प/चण्डीपोखरी)

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावक को नाम र ठेगाना	शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं फोन नं: ००९७७-१-५३६२३६५
परामर्शदाताको नाम र ठेगाना	एस. डि. एसोसिएटस प्रा.लि. काठमाडौं, नेपाल, फोन नं: +९७७-९८४१८०४६७४ ईमेल:digambardahal01@gmail.com

UMH UNITED MODI HYDROPOWER

युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड

पहिलो तल्ला, हेरिटेज प्लाजा-२, कमलादी, का.म.न.पा.-२८, काठमाण्डौं
फोन : ०१-४१६९११४/०१-४१६९११३
इमेल : unitedmodi@ntc.net.np, वेबसाइटः www.umh.com.np

वार्षिक साधारण सभामा छुट प्रस्ताब सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२४ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको सञ्चालक समितिको निर्णय बमोजिम बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना पहिलो पटक मिति २०८२/१२/२४ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित भएकोमा उक्त प्रकाशित सूचनामा छुट हुन गएका देहायका प्रस्तावहरू समेत समावेश गरी साधारण सभामा छलफल गरी निर्णय गनुपर्ने हुदाँ उक्त प्रस्तावहरू समावेश गरिएको सूचना प्रकाशित गरिएको छ।

क) सामान्य प्रस्ताव

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रस्तावित बोनश शेयरमा लाग्ने कर प्रयोजनको लागि कम्पनीको चुक्ता पूजी रु.१,२३,०५,००,०००।- को ०.३६८४२ प्रतिशतले हुन आउने रकम रु.४५,३३,४२१।- (अक्षरेपी पैतालिस लाख तेत्तिस हजार चार सय एक्काइस् रुपैयाँ मात्र) नगद लाभांश पारित गर्ने।

ख) बिशेष प्रस्ताव

१) संचालक समितिबाट प्रस्ताव भए बमोजिम आ.व. ०८१/०८२ को अन्त्य सम्मको वितरण योग्य संचित मुनाफाबाट कम्पनीको हालको कायम चुक्ता पूजी रु.१,२३,०५,००,०००।- को ७ प्रतिशतले हुने रकम रु.८,६१,३५,०००।- (अक्षरेपी आठ करोड एकसट्ठी लाख पैँतिस हजार मात्र) रकम बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२) कम्पनीको जारी पुँजी बृद्धि गर्ने सम्बन्धमा।

संचालक समितिको निर्णयनुसार
कम्पनी सचिब

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

घरेलु मैदानमा नेपाललाई पुनरागमन गर्ने अवसर

विश्वकप लिग-२ मा १० अंक जोडेको नेपाल तालिकाको सातौँ स्थानमा, घरेलु मैदान र समर्थकको साथमा ओमान र युएईविरुद्ध उत्कृष्ट प्रदर्शन गर्ने योजनामा नेपाली खेलाडी

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ मा नेपालको स्थिति त्यति राम्रो छैन । नेपालले अहिलेसम्म २० खेलबाट १२ अंक जोडेको छ । आठ टोली सहभागीमध्ये नेपाल सातौँ स्थानमा छ । शीर्ष पाँचभित्र नेपालले स्थान पक्का नगर्दा एकदिवसीय मान्यता गुमाउन सक्छ । फेरि एकदिवसीय ग्लोबल छनोट अवसर पनि खेर पठाउनेछ । शीर्ष तीन स्थानमा उक्लिन कठिन देखिए पनि नेपालले कम्तीमा पाँचौँ स्थानमा रहेर एकदिवसीय मान्यता रक्षा गर्ने लक्ष्य राखेको छ ।

यस्तोमा नेपाललाई घरेलु मैदानमा शनिबारदेखि सुरु हुने विश्वकप लिग-२ को अर्को सिरिज सुरु हुँदै छ । जसमा नेपालले युएई र ओमानसँग प्रतिस्पर्धा गर्नेछ । नेपालले पहिलो खेलमा एसोसिएट राष्ट्रका कडा प्रतिद्वन्द्वी युएईको सामना गर्नेछ । यो सिरिजको अन्तिम खेल ५ मेमा हुनेछ । जसमा नेपाल र ओमानबिच खेल हुनेछ । घरेलु मैदानमा नेपालले कम्तीमा आठ अंक बटुल्दा आगामी यात्रा सहज हुनेछ । नेपालले ओमान र युएईसँग समान दुई खेल खेल्दा आठ अंक जोड्न सक्छ । जसले नेपालले पाँचौँ स्थानमा दाबेदारी दिन आधार बन्नेछ ।

नेपाल पाँच महिनापछि एकदिवसीय क्रिकेटमा फर्किन लागेको हो । यसबिच नेपालले टी-२० विश्वकप खेलेको थियो । टी-२० विश्वकपमा केन्द्रित रहँदा नै नेपालको प्रदर्शन लिग-२ मा कमजोर भएको मानिएको छ । पछिल्लो सिरिजमा जस्तै नेपालले खेल गुमाउँदा नेपालको एकदिवसीय मान्यता रक्षा गर्ने आधार निकै कमजोर बन्नेछ । यसले पनि त्रिवि क्रिकेट मैदानमा हुने सिरिजमा नेपालको नजरमा महत्त्वपूर्ण रहेको छ । सिरिजमा सहभागी युएई १० अंकका साथ सबैभन्दा पुछार अर्थात् आठौँ स्थानमा छ । ओमान भने २९ अंकका साथ तेस्रो स्थानमा छ । आइसिसीको खेलतालिकाअनुसार यो सिरिज गत फागुनमा तय भएको थियो ।

मध्यपूर्व एसियाको तनावका कारण प्रतियोगिता स्थगित गरिएको थियो । त्यसपछि मध्यपूर्वी एसियाको अवस्था सुधारिएपछि क्यानले आइसिसीसँग छलफल गर्दै १२ वैशाखदेखि प्रतियोगिता आयोजना गर्ने नयाँ मिति घोषणा गरेको हो । नेपालका कप्तान रोहितकुमार पौडेलले घरेलु भूमिमा हुने लिग-२ को सिरिज महत्त्वपूर्ण भएको बताइसकेका छन् । उनले घरेलु मैदानमा सक्दो अंक बटुल्ने जनाएका छन् ।

पछिल्ला १० मध्ये तीन खेलमा विजयी

पछिल्लो सिजनमा नेपालले उत्कृष्ट पुनरागमन गरेको थियो । नेपालले १२ मध्ये ११ खेलमा लगातार जित निकाली सनसनी प्रदर्शन मात्र गरेन, पहिलोपटक एकदिवसीय विश्वकपको ग्लोबल छनोटसमेतमा स्थान बनाएको थियो । यसपटकको सिजनमा नेपालले कमजोर सुरुवात गऱ्यो । तर, नेपाली खेलाडीले उत्कृष्ट पुनरागमन गर्ने अपेक्षा सबैले गरेका थिए । यद्यपि, नेपालले अघिल्लो सिरिजमा जस्तै इतिहास दोहोऱ्याउन सकेन । यसपटक सुरुदेखि नेपालले सबै क्षेत्रमा कमजोर प्रदर्शन गरिरहेको छ ।

विदेशी भूमिमा नेपालले इतिहासकै खराब प्रदर्शन गर्दा अंकतालिकाको सातौँ स्थानमा सीमित भएको हो । नेपालले विश्वकप लिग-२ मा पछिल्लो १० खेलमा केवल तीनमा मात्र जित निकालेको छ । नेपालले २० मध्ये १४ महत्त्वपूर्ण अंक गुमायो । नेपालले यसबिचमा ६ अंक मात्र जोड्यो । यही १० मध्ये ६ खेलमा हार व्यहोर्दा एक खेल नतिजाविहीन हुन पुग्यो । यसअघि विश्वकप लिग-२ अन्तर्गत अमेरिका र युएईसँग भएका सिरिजमा नेपालले चारवटै खेल गुमाएको थियो । यो सिरिजमा नेपाल अंकविहीन भयो । सो सिरिजमा नेपालले बलिङ, ब्याटिङ र फिल्डिङ फितलो प्रदर्शन गऱ्यो । नेपालले २२ सेप्टेम्बर २०२४ देखि २१ फेब्रुअरी २०२४ सम्म खेलेको सिरिजमा लगातार पाँच खेल गुमाएको थियो । यसमा क्यानडाले नेपालमाथि पाँच विकेट तथा एक सय तीन रनले जित निकालेको थियो ।

यसैगरी, ओमानले नेपालमाथि एक विकेट जित हात पाऱ्यो । नेदरल्यान्डले आठ विकेट तथा नामिबियाले नेपालमाथि दुई विकेट जित निकालेको थियो । नेपालले १७ फेब्रुअरी २०२४ मा नेदरल्यान्ड्सलाई भने नौ विकेटले हराएको थियो । यो खेलमा नेपालले २०८ बलअघि जित हात पारेको थियो । त्यसपछि नामिबियासँगको खेलमा नेपाल चार विकेटले पराजित भयो ।

पिएम कपका आधारमा खेलाडी छनोट

विश्वकप लिग-२ का लागि नेपाल क्रिकेट संघ (क्यान)ले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताका लागि खेलाडी घोषणा गरेको हो । क्यानले पहिलोपटक एकदिवसीय र टी-२० फर्म्याटका लागि फरक खेलाडी र कप्तान घोषणा गरेको हो । एकदिवसीयमा नियमित कप्तान रोहितकुमार पौडेलले कप्तानी गर्नेछन् । उनको कप्तानमा यसपटक प्रधानमन्त्री कप एकदिवसीय क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका अर्जुन कुमाल र विनोद भण्डारीले स्थान बनाएका छन् । दुई वर्षपछि विनोदले टोलीमा स्थान बनाएका हुन् । अर्जुनले पिएम कपमा ओपनिङमा असाधारण खेल देखाएका थिए । उनले सम्भवतः ओपनिङ गर्ने सम्भावना छ । नेपालले एकदिवसीय मान्यता रक्षा गर्न यसपँगै आगामी सिरिजमा जित निकाल्न आवश्यक छ ।



नेपालको राष्ट्रिय क्रिकेट 'ए' टोलीले ओमानविरुद्धको दोस्रो एकदिवसीय खेलमा ११५ रनको सानदार जित निकालेको छ । माथिल्लो मूलपानीमा शुक्रबार नेपालले दिएको २८५ रनको लक्ष्य पछ्याएको ओमान ३६.३ ओभरमा १६९ रनमै अलआउट हुन पुग्यो । तस्बिर : दीपेन्द्र डुंगाना/नयाँ पत्रिका

भानुआटुसँग नेपाल २२ रनले पराजित



काठमाडौँ/ नेपाली महिला टोली रुवान्डामा चलिरहेको आइसिसी महिला च्यालेन्ज ट्रफीमा भानुआटुसँग २२ रनले पराजित भयो । पहिलो ब्याटिङ गरेको भानुआटुले २० ओभरमा पाँच विकेट गुमाएर ९७ रनको झिनो योगफल बनाएको थियो । प्रत्युत्तरमा सहज लक्ष्य पछ्याएको नेपाल १५.३ ओभरमा ७५ रनमा अलआउट हुँदा २२ रनले पराजित भयो । प्रतियोगितामा नेपालको यो दोस्रो हार हो । यसअघि अमेरिकासँग पराजित भएको नेपालले इटाली र रुवान्डालाई हराएको थियो ।

नेपालकी ओपनर सम्झना खड्काले सर्वाधिक २४ रन बनाइन् । कप्तान इन्दु बर्माले १३ रन र कविता कुँवरले १० रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । नेपालले राम्रो सुरुवात गरे पनि ब्याटिङमा फेरि संघर्ष गरेको देखियो । नेपाल यसपटक पनि पूरा ओभर खेल्न सकेन । इनिङ्सको एक समय नेपाल ४५-३ को बलियो अवस्थामा थियो । नेपालले त्यसपछि थप ३० रन जोड्दा बाँकी ६ विकेट गुमाएको थियो । भानुआटुका नासिमाना नभैकाले र भानेसा भिराले समान तीन विकेट लिएका थिए । सेलिना सोलमानले दुई विकेट हात पारिन् । भानुआटुकी भालेन्टाले सर्वाधिक ४२ रन बनाइन् । नेपालकी रिया शर्माले दुई विकेट लिइन् ।

चन्द्रगढी महिला गोल्डकपको फाइनलमा आर्मी



झापामा **चिरञ्जीवी घिमिरे**

त्रिभुवन आर्मी फुटबल क्लब पहिलो संस्करणको चन्द्रगढी महिला गोल्डकप प्रतियागिताको फाइनलमा प्रवेश गरेको छ । मेची रंगशालामा शुक्रबार भएको पहिलो सेमिफाइनलमा आर्मीले अर्को विभागीय क्लब नेपाल पुलिस फुटबललाई २-१ ले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो । आर्मीले अब फाइनलमा नेपाल एपिएफ र चर्च ब्वाइज युनाइटेडबिचका विजेतासँग प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको फाइनल सोमबार हुने आयोजकले जनाएको छ ।

आर्मीको जितमा चन्द्रा भण्डारी र जेनिफर राना मगरले समान एक गोल गरे । पुलिसकी रेखा पौडेलले एक गोल फर्काइन् । क्वार्टरफाइनलमा नियमित गोलरक्षक उषा नाथले रातो कार्ड पाएकी थिइन् । डिबक्सबाहिर आएर बल समात्दा उनले रातो कार्ड व्यहोरेकी थिइन् । जसका कारण उषाले आर्मीविरुद्धको महत्त्वपूर्ण सेमिफाइनल खेल गुमाइन् । सीधा रातो कार्ड पाएकाले उनी खेलमा प्रतिबन्धित छिन् ।

गोलरक्षक उषा नाथको अभाव सेमिफाइनलमा खड्किँदा पुलिस बाहिरियो । पुलिसले गत कात्तिकमा झापाको दुधेमा भएको प्रथम झापा महिला गोल्डकप हात पारेको थियो । त्यसवेला पुलिसले नेपाली महिला फुटबलमा लामो समयदेखि राज गर्दै आएको एपिएफलाई स्तब्ध पार्दै उपाधि खडेरीलाई ब्रेक लगाएको थियो । मेची रंगशालामा भने पुलिसले बलियो आर्मीविरुद्ध दोस्रो रोजाइकी गोलरक्षक सपना राईलाई मैदानमा उतारेको थियो । राईले आशा गरेअनुरूप आर्मीविरुद्धको खेलमा राम्रो गर्न सकिनन् ।

पहिलो हाफमै आर्मीको अग्रता

खेलको ३५औँ मिनेटमा पुलिस एक गोलले पछि परेको थियो । आर्मीकी चन्द्राले १-० का लागि गोल गरिन् । विमला चौधरीले दिएको लामो पासमा पुलिसकी डिफेन्डर समीक्षा घिमिरेले क्लियर गर्न नसक्दा चन्द्राले सहजै डिबक्सभित्र गोल गरेकी थिइन् । खेलको ५६औँ मिनेटमा आर्मीले २-० को अग्रता बनायो । जेनिफरले आर्मीका लागि दोस्रो गोल गरिन् । पुलिसले गोलरक्षक सपनाको गल्तीमा जेनिफरले गोल गरेकी हुन् । आर्मीकी हिमा चौधरीले डिबक्सभित्रसम्म प्रहार गरेको बल पुलिसकी गोलरक्षक सपनाले नियन्त्रणमा लिन सकिनन् ।

डिबक्समा अनमार्क रहेकी जेनिफरले सहज गोल गरिन् । पहिलो हाफमा एक गोलले पछि परेको पुलिसले दोस्रो हाफमा आक्रामक खेल प्रदर्शन गऱ्यो । यद्यपि, फिनिसिङमा चुक्दा पुलिस सेमिफाइनलबाटै बाहिरियो । खेलको ७०औँ मिनेटमा पुलिसकी स्ट्राइकर रेखाले गोलअन्तर कम गरिन् । डिबक्समा आर्मीका डिफेन्डरहरूले क्लियर गर्न नसकेको बललाई पुलिसकी निर्मला विकले रेखालाई पास दिइन् । रेखाले उत्कृष्ट हेडिङ गोल गर्दै पुलिसलाई २-१ को अन्तरमा ल्याइन् । त्यसपछि पुलिसले थप गोल गर्न सकेन । सुरुदेखि दुवै टोलीले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए । विभागीय क्लबबिचको प्रतिस्पर्धा रोचक बन्न पुग्यो ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था"

Corporate Office:
Kamalpokhari, Kathmandu, Nepal
Phone No.: 01-5970306/07
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

Unaudited Financial Results (Quarterly)

Statement of Financial Position
As at Chaitra End 2082 (2082/12/30) of the Fiscal Year 2082/83

Amount in NPR

Particulars	Group		Bank	
	This Quarter Ending (Chaitra End 2082)	Previous Year Ending (Ashad End 2082)	This Quarter Ending (Chaitra End 2082)	Previous Year Ending (Ashad End 2082)
Assets				
Cash and Cash Equivalents	1,999,514,521	3,045,906,002	1,999,514,521	3,045,906,002
Due from Nepal Rastra Bank	2,580,236,909	2,561,867,201	2,580,236,909	2,561,867,201
Placement with Bank and Financial Institutions	3,388,475,000	-	3,388,475,000	-
Derivative Financial Instruments.	-	-	-	-
Other Trading Assets	133,202,998	122,938,745	-	-
Loans and Advances to BFIs	2,677,452,263	3,199,319,220	2,677,452,263	3,199,319,220
Loans and Advances to Customers	47,953,177,415	45,224,581,930	47,988,998,079	45,235,051,253
Investment Securities	12,950,083,709	12,833,788,825	12,950,083,709	12,833,788,825
Current Tax Assets	204,326,490	-	200,830,280	-
Investment in Subsidiaries	-	-	153,000,000	153,000,000
Investment in Associates	-	-	-	-
Investment Property	1,019,298,551	1,032,462,517	1,019,298,551	1,032,462,517
Property and Equipment	1,621,844,652	1,667,594,682	1,602,899,588	1,648,546,080
Goodwill and Intangible Assets	10,969,735	14,929,618	10,472,634	14,427,764
Deferred Tax Assets	370,948,811	340,105,273	368,143,388	337,299,850
Other Assets	1,462,362,176	828,412,465	1,458,337,999	824,996,751
Total Assets	**76,371,893,230**	**70,871,906,478**	**76,397,742,921**	**70,886,665,463**
Liabilities				
Due to Bank and Financial Institutions	1,630,539,280	1,355,832,046	1,630,539,280	1,355,832,046
Due to Nepal Rastra Bank	-	-	-	-
Derivative Financial Instruments	-	-	-	-
Deposits from Customers	64,379,149,391	60,367,823,155	64,490,876,264	60,482,530,192
Borrowings	-	-	-	-
Current Tax Liabilities	-	16,257,207	-	18,174,781
Provisions	-	-	-	-
Deferred Tax Liabilities	-	-	-	-
Other Liabilities	1,619,757,015	934,865,675	1,598,744,592	910,291,348
Debt Securities Issued	1,493,494,702	1,493,243,158	1,493,494,702	1,493,243,158
Subordinated Liabilities	-	-	-	-
Total Liabilities	**69,122,940,388**	**64,168,021,240**	**69,213,654,839**	**64,260,071,525**
Equity				
Share Capital	4,395,785,886	4,395,785,886	4,395,785,886	4,395,785,886
Share Premium	-	-	-	-
Retained Earnings	(429,114,658)	(986,654,430)	(434,844,922)	(999,495,264)
Reserves	3,223,147,118	3,232,246,143	3,223,147,118	3,230,303,316
Total Equity Attributable to Equity Holders	**7,189,818,346**	**6,641,377,599**	**7,184,088,082**	**6,626,593,938**
Non Controlling Interest	59,134,496	62,507,639	-	-
Total Equity	**7,248,952,842**	**6,703,885,238**	**7,184,088,082**	**6,626,593,938**
Total Liabilities and Equity	**76,371,893,230**	**70,871,906,478**	**76,397,742,921**	**70,886,665,463**

Details about the Distributable Profit
(As per NRB Regulation)

Amount in NPR

	As of (Chaitra End 2082)	As of (Chaitra End 2081)
Net profit or (loss) as per statement of profit or loss	629,462,399	306,611,841
Appropriations:	(137,236,553)	(63,849,750)
a. General reserve	(125,892,480)	(61,322,368)
b. Foreign exchange fluctuation fund	(4,432,821)	(2,257,338)
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	(9,441,936)	(3,066,118)
e. Employees' training fund	-	-
f. Other	2,530,685	2,796,074
Profit or (loss) before regulatory adjustment	492,225,847	242,762,091
Regulatory adjustment :	72,424,495	(148,107,121)
a. Interest receivable (-)/previous accrued interest received (+)	87,033,519	(5,016,252)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/ reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/ resersal (+)	(20,432,123)	(129,164,208)
e. Deferred tax assets recognised (-)/ reversal (+)	-	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Fair value reserve	-	-
j. Other (+/-)	5,823,099	(13,926,661)
Distributable profit or (loss)	564,650,342	94,654,970
Opening Retained Earnings	(999,495,264)	(663,431,574)
Adjustment(+/-)	-	-
Distribution	-	-
Bonus Share Issued	-	-
Cash Dividend Paid	-	-
Total Distributable Profit or(Loss) on Quater End Date	(434,844,922)	(568,776,604)

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ नियम २६ को उपनियम (१) सँग सम्बन्धित) आ.व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरणहरु :

क) आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधिको वित्तीय विवरण, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) सम्बन्धित पक्षहरुको विवरण

विवरण	ज्योति क्यापिटल लि.
ज्योति क्यापिटल लि. ले ज्योति विकास बैंकमा राखेको मुद्दती निक्षेप	रु. ११०,०००,०००
ज्योति क्यापिटल लि. ले ज्योति विकास बैंकमा राखेको रकममा कमाएको ब्याज	रु. ४,५२९,१११
ज्योति क्यापिटल लि. ले ज्योति विकास बैंकलाई कर्जा रकममा भुक्तानी गरेको ब्याज	रु. ३७०,७२२
ज्योति विकास बैंकले ज्योति क्यापिटल लि.मा गरेको लगानी	रु. १५३,०००,०००

ग) प्रमुख वित्तीय अनुपातहरु :

विवरण	यस त्रैमास	गत वर्षको यसै त्रैमास
प्रति शेयर आम्दानी (वार्षिकीकरण)	रु.१९.०९	रु.९.३०
पी/ई रेसियो	१९.४३	३५.८६
प्रति शेयर नेटवर्थ	रु. १६३.४३	रु. १४१.९०
प्रति शेयर कुल सम्पत्तिको मूल्य	रु. १७३७.९८	रु. १,५७५.०६
तरलता अनुपात	२७.७१%	२६.७१%

२. व्यवस्थापकीय विश्लेषण

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

मध्यपूर्व क्षेत्रमा बढ्दो तनावका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य वृद्धि भएको छ, जसको प्रत्यक्ष प्रभाव नेपालमा इन्धन मूल्य वृद्धिका रूपमा देखिएको छ । इन्धन मूल्य बढ्ने बुझाने लागत, उत्पादन लागत तथा समग्र महँगी (inflationary pressure) बढाउने देखिन्छ, जसले व्यवसायहरूको नाफा क्षमता घटाउने र कर्जा तिर्ने क्षमतामा दबाब सिर्जना गर्ने देखिन्छ । उल्लेखित समग्र परिस्थितिले नयाँ लगानी परियोजनाहरू ढिलो हुने वा स्थगित हुने, कर्जा विस्तारमा दबाब पर्ने तथा निष्क्रिय कर्जाको स्तरमा वृद्धिको जोखिम बढ्ने देखिएको छ । विशेष गरी साना तथा मध्यम व्यवसाय हरू बढी प्रभावित हुने सम्भावना देखिन्छ । समीक्षा अवधिमा, विकास बैंकको निक्षेप परिचालन र कर्जा लगानी दुवै सन्तोषजनक अवस्थामा रहेको छ । यस विकास बैंकले यस त्रैमासिक अवधी सम्ममा रु.६२ करोड ९४ लाख ६२ हजार ३९९ खुद मुनाफा आर्जन गरेको छ । हाल यस विकास बैंकले ११७ शाखा कार्यालयहरु, ३ एक्सटेन्सन काउन्टर तथा ७५ एटिएमहरुबाट ग्राहकमुखी बैंकिङ सेवा तथा सुविधाहरु प्रदान गरिरहेको छ ।

(ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :

हालको परिप्रेक्ष्यमा आर्थिक संवेदनशीलतालाई ध्यानमा राख्दै कर्जा स्वीकृतिमा चुस्त जोखिम मूल्याङ्कन, क्षेत्रगत विविधीकरण र गुणस्तरीय कर्जातर्फ ध्यान केन्द्रित साथै तरलता व्यवस्थापन, कर्जा-निक्षेप सन्तुलन, जोखिममा आधारित कर्जा व्यवस्थापन, कर्जा असुली प्रक्रिया सुदृढीकरणमा बैंक व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

समग्रमा, नयाँ गठन भएको सरकारको सम्भावित नीतिगत सुधारहरूले अल्पकालमा केही चुनौती कायम राखे पनि मध्यम तथा दीर्घकालमा बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व, कर्जा गुणस्तर सुधार तथा आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । साथै आम्दानी स्रोतहरूको विविधीकरण, सञ्चालन दक्षता अभिवृद्धि, मानव संसाधन क्षमताको विकास, प्रविधिमा आधारित सेवामा सुदृढीकरण तथा नियामक निकायको निर्देशनहरुको पूर्ण पालना गर्दै दीर्घो र सन्तुलित वित्तीय सेवामा केन्द्रित हुने व्यवस्थापनको योजना रहेको छ ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:

व्यवस्थापकीय विश्लेषण अर्न्तगत बुंदा (ख) मा उल्लेख गरिएको ।

३. कानूनी कारवाही सम्बन्धी विवरण

क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :

बैंकको कर्जा असुलीसम्बन्धी तथा दैनिक बैंकिङ कार्य सञ्चालनको क्रममा हुने केही मुद्दाहरू बाहेकका अन्य मुद्दा नभएको र संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा चलेको जानकारी नभएको ।

ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :

यस त्रैमासिक अवधिमा संचालक वा संस्थापक विरुद्ध कुनै मुद्दा दायर भएको जानकारीमा नआएको ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :

यस सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :

दोश्रो बजारमा हुने शेयर कारोबार शेयरको माग र आपूर्तिको सिद्धान्त र देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्बन्धमा कुनै विशेष धारणा नभएको ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या

अधिकतम मूल्य : रु.३९५ — कारोबार भएको कुल दिन : ५३
न्यूनतम मूल्य : रु.३२२.६० — कारोबार शेयर संख्या : ७,३८९,५८७ कित्ता शेयर
अन्तिम मूल्य : रु.३७१.०० —

५. समस्या तथा चुनौती

आन्तरिक
- कर्जा मागमा कमी ।
- निष्क्रिय कर्जाको मात्रामा वृद्धि ।
- बैंकमा कार्यरत दक्ष जनशक्तिको पलायनबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिम ।
- नवीनतम प्राविधिक प्रणालीहरूको कार्यान्वयनका क्रममा लाग्ने उच्च लागत तथा छोटो अवधिमा आवश्यक प्राविधिक विकाससँग सम्बन्धित चुनौतीहरू ।
- विभिन्न कारणवाट हुन सक्ने संचालन जोखिम ।

बाह्य
- व्यवसायिक विश्वासमा गिरावट
- नियमनकारी निकायबाट जारी गर्ने नीति, निर्देशन तथा कानूनहरुमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू ।
- कर्जाको मागमा आएको कमी, पूँजीगत बजेटमा हुन नसकेको बजेटको खर्च तथा सुस्त विकास निर्माणका कार्यहरू
- प्रविधिको विकाससँगै निम्त्याएको जोखिम ।
- विद्युतिय सूचना प्रणालीमा सुरक्षासम्बन्धी जोखिममा आएको वृद्धि ।

रणनीति
- व्यवसायीक विविधीकरण, ग्राहक-केन्द्रित सेवामा जोड दिने ।
- निष्क्रिय कर्जाको मात्रामा कमी ल्याउन लक्षित रणनीतिहरूको योजना बनाउने र कार्यान्वयन गर्ने ।
- कर्मचारीहरुको वृति विकासमा निरन्तर जोड दिने ।
- प्राविधिक विकाससँग सम्बन्धित चुनौतीहरूलाई कम गर्न लक्षित रणनीतिहरूको विकास र कार्यान्वयन ।
- आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनलाई सुदृढीकरण गर्ने ।
- कर्जा जोखिम न्यूनीकरण तथा सम्पत्ति-दायित्व व्यवस्थापन गर्ने ।
- गैरव्याज आम्दानी तर्फको योगदान कायम राख्न व्यवसायका अन्य वैकल्पिक आयाम तथा व्यवसायीक क्षेत्रहरुको पहिचान गर्ने ।

६. संस्थागत सुशासन

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :

शेयरधनी, निक्षेपकर्ता लगायत सरोकारवालाहरुको हित संरक्षण एवं संस्थागत सुशासन कायम राख्नका लागि बैंकको संचालक समिति, आन्तरिक लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, AML/CFT समिति लगायत विभिन्न समितिहरु क्रियाशील रहेको, बैंक पदाधिकारी तथा कर्मचारीहरुका लागि आचार संहिता जारी गरिएको र बैंकको संस्थागत ढांचा समेत सोही अनुरुप बनाई लागू गरिएको छ । साथै, नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरुद्वारा जारी गरिएका नीतिनिर्देशनहरु पूर्णरुपमा पालना गर्ने तर्फ यस विकास बैंक कटिबद्ध रहेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुने विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन । तथा जानकारीहरु लुकाइएको छैन ।

प्रमुख कार्यकारी अधिकृत

Statement of Profit or Loss
for the Quarter ended 30th Chaitra 2082

Amount in NPR

Particulars	Group				Bank			
	Current Year		Previous Year		Current Year		Previous Year	
	This Quarter	Upto this Quarter Ending (YTD) (Chaitra End 2082)	This Quarter	Upto this Quarter Ending (YTD) (Chaitra End 2081)	This Quarter	Upto this Quarter Ending (YTD) (Chaitra End 2082)	This Quarter	Upto this Quarter Ending (YTD) (Chaitra End 2081)
Interest Income	1,221,036,754	3,690,690,518	1,294,713,985	4,385,074,623	1,221,322,503	3,691,061,250	1,294,770,812	4,385,137,549
Interest Expense	658,004,328	2,090,006,187	827,717,166	2,794,696,500	658,984,732	2,094,527,298	829,786,746	2,800,997,805
Net Interest Income	**563,032,426**	**1,600,684,331**	**466,996,819**	**1,590,378,123**	**562,337,771**	**1,596,533,952**	**464,984,066**	**1,584,139,744**
Fee and Commission Income	78,495,512	232,500,297	55,214,834	156,056,065	76,452,999	223,988,173	55,214,834	156,056,065
Fee and Commission Expense	7,916,532	25,051,306	11,249,916	30,628,491	7,879,180	22,367,372	10,046,610	26,280,600
Net Fee and Commission Income	**70,578,980**	**207,448,991**	**43,964,918**	**125,427,573**	**68,573,819**	**201,620,800**	**45,168,224**	**129,775,464**
Net Interest, Fee and Commisson Income	**633,611,405**	**1,808,133,322**	**510,961,737**	**1,715,805,696**	**630,911,590**	**1,798,154,752**	**510,152,290**	**1,713,915,208**
Net Trading Income	21,272,380	56,028,326	16,969,062	50,128,442	21,272,380	56,028,326	16,969,062	50,128,442
Other Operating Income	33,602,656	116,078,899	13,847,385	115,492,196	30,796,179	111,310,540	9,735,630	87,236,765
Total Operating Income	**688,486,442**	**1,980,240,548**	**541,778,183**	**1,881,426,334**	**682,980,149**	**1,965,493,618**	**536,856,982**	**1,851,280,415**
Impairment Charge/ (Reversal) for Loans and Other Lossess	(113,740,331)	118,499,015	160,281,763	521,617,125	(113,740,331)	118,499,015	160,281,763	521,617,125
Net Operating Income	**802,226,772**	**1,861,741,533**	**381,496,420**	**1,359,809,209**	**796,720,480**	**1,846,994,603**	**376,575,219**	**1,329,663,290**
Operating Expense	**345,924,131**	**959,473,256**	**299,337,558**	**903,034,417**	**342,161,915**	**947,974,122**	**295,889,802**	**891,702,048**
Personnel Expenses	217,746,345	585,766,587	165,181,823	521,859,852	215,577,025	579,262,410	163,505,931	515,837,089
Other Operating Expenses	111,051,267	322,153,260	113,954,431	320,177,861	109,458,372	317,378,335	112,200,431	315,400,526
Depreciation & Amortisation	17,126,519	51,553,409	20,201,304	60,996,704	17,126,519	51,333,377	20,183,440	60,464,433
Operating Profit	**456,302,642**	**902,268,277**	**82,158,862**	**456,774,792**	**454,558,565**	**899,020,481**	**80,685,417**	**437,961,242**
Non Operating Income	-	211,519	-	55,674	-	211,519	-	55,674
Non Operating Expense	-	-	-	-	-	-	-	-
Profit Before Income Tax	**456,302,642**	**902,479,796**	**82,158,862**	**456,830,466**	**454,558,565**	**899,231,999**	**80,685,417**	**438,016,916**
Income Tax Expense	136,890,792	270,743,939	24,647,659	137,049,140	136,367,569	269,769,600	24,205,625	131,405,075
Current Tax	136,890,792	270,743,939	24,647,659	137,049,140	136,367,569	269,769,600	24,205,625